का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० फागुन २०७९, बुधबार
22 February 2023, Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८ । पृष्ठ ८

Madhyanha National Daily



# राष्ट्रपतिमा माधव कार्ड

प्रचण्डले कांग्रेसलाई समर्थन गर्नसक्ने संकेत गरेपछि ओली त्यसलाई रोक्ने रणनीतिमा लागेका छन् । यसका लागि उनले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई अगाडि सार्ने योजना बनाएका छन् । ओलीले माधवलाई उम्मेदवार बनाउने नयाँ कार्ड खेलेपछि राष्ट्रपतिको विषय थप पेचिलो बन्दै गएको छ ।

माधव कमरेडलाई नै बनाउने हो भने ओलीजीले औपचारिक प्रस्ताव लिएर आउनुपर्‍यो, बाहिर भनेर हुँदैन । आयो भने छलफल गर्छौं । नआउँदासम्म उहाँको रणनीतिक कार्डका रुपमा मात्रै बुझ्दछौं ।

● **देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

नेपाली कांग्रेसले राष्ट्रपतिमा उम्मेदवारी दिन्छ र त्यो उम्मेदवारले जित्छ पनि । माधव नेपालजीसँग ओलीले भेट्नुभयो भन्दैमा हामीले उमेदवार नदिने भन्ने सोंच राख्या पनि छैन, राख्दा पनि राख्दैनौं ।

● **डा. प्रकाशशरण महत**
**प्रवक्ता, कांग्रेस**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ९ फागुन ।

फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनका लागि आगामी १३ गते उमेदवारी दर्ता हुँदैछ । तर, अहिलेसम्म दलहरुले उमेदवारको टुंगो लगाउन सकेका छैनन् ।

राष्ट्रपतिमा मुलतः कांग्रेस र एमालेबीच नै प्रतिस्पर्धा हुने देखिन्छ । एमालेलाई राष्ट्रपति दिने पुस १० मा भएको सहमति विपरीत माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डले नै राष्ट्रपतिमा 'राष्ट्रिय सहमति' को रटान लगाउन थालेपछि एमाले सशंकित बनेको मात्र होइन आफ्नो पार्टीले राष्ट्रपति नपाउने ठम्याइमा पुगेको छ ।

माओवादीको अडानले पुस १० गतेको सहमति यथावत छ कि छैन भन्ने संशय समेत पैदा गरेको छ । पुस १० मा प्रचण्ड प्रधानमन्त्री बन्ने सहमति गर्दै एमाले अध्यक्ष ओली निवास भक्तपुरको बालकोटमा एमालेले राष्ट्रपति लिने सहमति भएको थियो ।

तर, अहिले परिस्थिति फेरिएको भन्दै प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई समर्थन गर्न सक्ने संकेत गरेपछि ओली त्यसलाई रोक्ने रणनीतिमा लागेका छन् । यसका लागि उनले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई अगाडि सार्ने योजना बनाएका छन् । यसअघि 'पार्टीको मान्यता नै नदिने घोषणा गरेका' एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई नै एमाले अध्यक्ष ओलीले उम्मेदवार बनाउने नयाँ कार्ड खेलेपछि राष्ट्रपतिको विषय पेचिलो बन्दै गएको छ ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले नेकपा माओवादी केन्द्रसँग सहकार्यमा आफ्नो उमेदवार जिताउन गरेको 'महत्वकांक्षी प्रयास' को काउन्टरमा ओलीले माधव कार्ड चालेको नेताहरु बताउँछन् ।

नेकपा माओवादी महासचिव देव गुरुङ एमाले अध्यक्ष ओलीले माधव नेपालको नामबारे औपचारिक रुपमा कुनै प्रस्ताव नगरेको बताउँछन् । 'ओलीजीले जसलाई भेट्यो उसैलाई राष्ट्रपति भन्दै हिड्नुभएको

– बाँकी पृष्ठ २ मा

## फर्किएको खुशी



### ८ खेल जिते सिधै विश्वकप छनोटमा

विगत केही समयदेखि नेपाली राष्ट्रिय क्रिकेट टोलीको लय खस्कँदै गएको थियो । पूर्व कप्तान सन्दीप लामिछाने नाबालिग बलात्कार आरोपमा जेल परेपछि तथा नेपाल टी २० लिग फिक्सिङ प्रकरणमा मुछिदा पैदा भएको नैरास्यतालाई बिर्साउने गरी लिग २ को यस सिरिजले खुशी फर्काएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ फागुन

आईसीसी विश्वकप लिग टु अन्तर्गतको त्रिदेशीय एकदिवसीय अन्तराष्ट्रिय सिरिजमा नेपालले लगातार चौंथो जित निकालेको छ। टियु क्रिकेट मैदानमा मंगलबार भएको सिरिजको अन्तिम खेलमा स्कटल्याण्डलाई २ विकेटले हराउँदै नेपालले लगातार चौथो जित निकालेको हो ।

जितसँगै नेपाल लिग टु अन्तर्गतको त्रिदेशीय सिरिजमा शतप्रतिशत नतिजा निकाल्ने पहिलो टोली बनेको छ। त्यस्तै नेपाल लिग टुको सिरिजमा

– बाँकी पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

## मलेसिया र यूएई जाने बढे, साउदी र कतार जाने घटे

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन

माघ महिनामा ६४ हजारभन्दा बढी नेपालीले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । पुसमा ७१ हजार बढीको श्रम स्वीकृति भएको थियो । अघिल्ला महिनाहरूमा जस्तै माघ महिनामा पनि मलेसिया नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य देखिएको छ ।

वैदेशिक रोजगार विभागका अनुसार माघ महिनामा संस्थागतरूपमा म्यानपावर कम्पनीमार्फत जान ३२ हजार २ सय १७ सहित व्यक्तिगत नयाँसहित पहिलोपटक वैदेशिक रोजगारीमा जान ३९ हजार एक सय २४ जनाले श्रम स्वीकृति लिएका छन् ।

माघ महिनामा सबैभन्दा धेरै मलेसिया जानका लागि श्रम स्वीकृति लिएका छन् । माघ महिनामा मलेसिया जान म्यानपावर कम्पनीमार्फत १६ हजार ६ सय २९ जनासहित कुल १९ हजार ७ सय ८३ जनाले श्रम स्वीकृति लिएका छन् । यो संख्या पुस महिनाको तुलनामा ३ हजार ५४ जनाले बढी हो तर मंसिर महिनाकोभन्दा ६ सय जनाले

– बाँकी पृष्ठ २ मा

### साउदी जेलमा रहेका कार्कीलाई नेपाल ल्याउन पहल गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

**काठमाडौं/रासस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुई वर्षदेखि साउदी अरेबियाको जेलमा रहेका दिनेश कार्कीलाई नेपाल ल्याउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्कीका बुबा गणेशबहादुर कार्कीसहितको टोलीलाई मंगलबार बिहान बालुवाटारमा भेट्दै प्रधानमन्त्री दाहालले उक्त प्रतिबद्धता व्यक्त गरेका हुन् ।

प्रधानमन्त्री दाहालले कार्कीलाई जेलमुक्त गरी नेपाल ल्याउने कार्यको तत्काल पहल गर्न परराष्ट्र मन्त्रालयको ध्यानाकर्षणसमेत गराएको बताए । 'वर्तमान सरकार विदेशमा रहेका नेपाली श्रमिक तथा कामदारको हकहित र सुरक्षामा सबैभन्दा बढी संवेदनशील छ ।

– बाँकी पृष्ठ २ मा

ब्याजदर अझै घटेन

## कारोबार ठप्प पार्ने चेतावनी

सरकारले बैंकहरुसँगको समन्वयमा ब्याजदर घटाउन पहल नगरेको व्यवसायीको आरोप छ । ब्याजदर नघटाए बैंक तथा वित्तीय संस्थासँगको कारोबाट ठप्प पार्ने उनीहरुले चेतावनी दिएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ फागुन ।

चर्को बैंक ब्याजदरको विरुद्ध व्यवसायीले महिनौंदेखि धर्ना, विरोध र प्रर्दशनका कार्यक्रम गर्दै आएपनि ब्याजदर भने घट्न सकेको छैन । एकातिर व्यवसायीले ऋण नपाउने अनि अर्कातिर ब्याज पनि १८ प्रतिशत सम्म तिर्नुपर्दा मारमा परेको भन्दै उनीहरु आन्दोलित भएका हुन् । कोरोना महामारीको असरबाट प्रभावित व्यवसाय बचाउन सरकारले सहुलियत दिनुको सट्टा उल्टै व्यवसायी मार्ने नीति लिएको व्यवसायीको दाबी छ ।

'अर्थतन्त्रको मुख्य मेरुदण्डको रूपमा रहेका व्यवसायीहरु आफ्नो पेशाबाट पलायन हुने अवस्था आउनुमा बैंक तथा वित्तीय क्षेत्रको अव्यवहारिक गलत नीति, निजी स्वार्थ, सरकारले दीर्घकालीन उत्पादनमुखी अर्थतन्त्रमा प्राथमिकता नदिनुमा राजनीतिक र गैरजिम्मेवार शैली मुख्य हो । व्यवसायी आत्महत्याको बाटो रोज्न बाध्य भएका छन् । यसतर्फ सम्बन्धित निकायको ध्यान जाओस्,' नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष नरेश कटुवालले भने । उनले ब्याजदर नघटाए बैंक तथा वित्तीय संस्थासँगको कारोबाट ठप्प पार्ने चेतावनी समेत दिएका छन् । साथै सरकारले बैंकहरुसँगको

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१० फागुन २०७९, बुधबार
22 February 2023, Wednesday

# 'एमालेले अगाडि सारेको व्यक्ति राष्ट्रपति बन्छ'

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, ९ फागुन

नेकपा एमालेका पोलिटब्यूरो सदस्य एवं सांसद सूर्य थापाले नेकपा एमालेले अगाडि सारेको व्यक्ति राष्ट्रपति बन्ने बताएका छन् । नेकपा एमाले अर्घाखाँचीद्वारा सन्धिखर्कमा आयोजित २ महिने मिसन ग्रासरुट अभियानको जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रममा मन्तव्य राख्दै उनले एमालेले अगाडि सार्ने उम्मेवार नै राष्ट्रपति बन्ने बताएका हुन् । उनले सत्ता गठबन्धन कसैले चाहँदैमा नटुट्ने बताए । अहिलेको गठबन्धन मुलुकको आवश्यकता र समयको माग भएको भन्दै उनले गठबन्धनलाई अझै कसिलो र बलियो बनाएर ५ वर्ष नै कायम राख्ने बताए । गठबन्धन भत्काउन अनेकौं षड्यन्त्र भैरहेको भन्दै सांसद थापाले विचारको आधारमा बनेको गठबन्धनलाई भत्काउने सामर्थ्य कसैमा नभएको दाबी गरे । उनले पुस १० को आधारमा राजनीतिक कोर्ष अगाडि बढिरहेको भन्दै नेकपा माओवादी केन्द्र पनि इमान्दार भएर अगाडि बढ्नेमा आफूहरु विश्वस्त रहेको बताए ।



प्युठानबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित थापाले प्युठान र अर्घाखाँची जिल्लाका बासिन्दाको प्रेमभावपूर्ण सम्बन्ध रहेको बताए । उनले दुवै जिल्लामा नेकपा एमालेले विजय हासिल गरेको बताउँदै जिल्लालाई नमूना बनाउने गरी विकास निर्माणको काम गर्नुपर्नेमा जोड दिए । यस्तै कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश सभा सदस्य दिनेश पन्थीले नेकपा एमाले मात्र जनताको सच्चा पार्टी भएको बताए । उनले पार्टीलाई थप बलियो र जनमुखी बनाउन अभियानले सहयोग पुऱ्याउने दाबी गरे ।

त्यस्तै नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका सचिवालय सदस्य तथा लुम्बिनी प्रदेश सभा सदस्य रामजीप्रसाद घिमिरेले पार्टीलाई थप गतिशील र जुझारु बनाउन अभियानले सहयोग पऱ्याउने बताए । उनले अभियानपछि पार्टीमा गतिशीलता बढ्ने दाबी समेत गरे ।

नेकपा एमाले जिल्ला कमिटीका अध्यक्ष पीताम्बर भुसालको अध्यक्षतामा भएको कार्यक्रम सचिव तोजबहादुर रायमाझीले सञ्चालन गरेका थिए भने जिल्ला उपाध्यक्ष ईश्वरा पोखेलले स्वागत मन्तव्य राखेका थिए । सो क्रममा अभियान सञ्चालनको निम्ति विभिन्न कार्यक्रम र योजनासमेत निर्माण गरिएको छ ।

# दुराडाँडामा निःशुल्क मुटु परीक्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन



लमजुङ सुन्दरबजार नगरपालिका वडा नं. ४ स्थित दुराडाँडामा निःशुल्क मुटु परीक्षण शिविर सम्पन्न भएको छ । 'स्वास्थ्य परीक्षण गरौं, स्वस्थ जीवन बाँचौं' भन्ने मूल नाराका साथ भएको शिविर खनिया बन्धु समाज लमजुङ काठमाडौं सम्पर्क समितिको पहल, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र तथा स्थानीय खनिया बन्धु समाजको आयोजनामा सम्पन्न भएको हो ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक एवं मुटु रोग विशेषज्ञ डा. चन्द्रमणि अधिकारी, डा. अमृत बोगटी र डा. रिजू मानन्धरसहितको विशेषज्ञ चिकित्सकहरुबाट भएको शिविरमा ४ सय ८० जनाको इसीजी, इसीओ, एफबीसी चेक जाँच गरी औषधिसमेत निःशुल्क वितरण गरिएको शिविर व्यवस्थापन समितिका संयोजक मदनराज खनियाले मध्यान्हलाई जानकारी दिए । श्री संस्कृति सदन माविमा भएको शिविरमा सुन्दरबजार नगरपालिका वडा नं. ४ को वडा कार्यालय, संस्कृत सदन मावि र दुराडाँडा स्वास्थ्य चौकी सहयोगी संस्था रहेका थिए । संयोजक खनियाले शिविर सफल बनाउन सहयोग गर्ने स्वस्थ्य चौकी, श्री संस्कृति सदन मावि परिवार, वडा कार्यालय र प्रहरी कार्यालयलाई धन्यवाद दिए । गाउँमै निःशुल्क शिविर आएपछि स्थानीय वासिन्दाहरु खुसी भएका थिए । सो अवसरमा शिविर सञ्चालक संयोजक मदनराज खनिया, खनिया बन्धु समाज लमजुङ काठमाडौं सम्पर्क समितिका अध्यक्ष लेखनाथ खनिया, खनिया बन्धु समाजका अध्यक्ष राज खनियालाई प्रशंसा पत्र प्रदान गरिएको थियो । यस्तै, उक्त टिमले लमजुङकै घलेगाउँमा यहि फागुन ८ गते निःशुल्क मुटु परीक्षण शिविर आयोजना गरेको थियो । शिविरमा १ सय २५ जनाको मुटु परीक्षण गरिएको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक डा.चन्द्रमणि अधिकारीले जानकारी दिए ।

# बिरामीको चाप बढ्यो

**अर्घाखाँची/मस**–अर्घाखाँची अस्पतालमा पछिल्लो केहि दिनयता बिरामीको चाप बढेको छ । सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गराउनाको साटो निजी स्वास्थ्य संस्थामा उपचार गराउनेहरु पनि अहिले जिल्ला अस्पतालमै उपचार गराउन पुगेका छन् । अहिले दैनिक एक सयदेखि एक सय ५० जनासम्म ओपिडीमा उपचारका लागि आउने गरेकामा बढेर दैनिक तीन सयभन्दा बढी पुगेको अस्पतालका प्रमुख चिकित्सक जगन्नाथ तिवारीले बताए । उनका अनुसार बालबालिका, ज्येष्ठ नागरिक, मौसमी रुघाखोकी तथा दीर्घ रोगका बिरामी उपचारका लागि आउने गरेका छन् । ओपिडीमा मात्र नभएर इमर्जेन्सीका बिरामी पनि बढेका छन् । अस्पतालमा भर्ना भएर उपचार गराउनेको संख्या पनि बढेको छ ।

केही समयपहिलादेखि बन्द रहेको सिएस सेवा अर्थात् शल्यक्रिया विधिबाट प्रसूति गराएर बच्चा निकाल्ने सेवा पनि नियमित भएको छ । अस्पतालमा प्रमुखको जिम्मेवारी सम्हालेर चिकित्सक जगन्नाथ तिवारी आएपछि यो सेवा शुरु भएको हो । जटिल प्रकृतिका प्रसूतिलाई शल्यक्रियाका लागि बुटबल जानुपर्ने बाध्यता हटेको छ । शल्यक्रियाकै लागि बुटबल जानुपर्ने बाध्यता हटेपछि स्थानीयवासी पनि खुसी भएका छन् । दुई एमडिजिपी, एक विशेषज्ञ र पाँच मेडिकल अफिसरबाट सेवा पुनः सञ्चालन गरिरहेको अस्पतालका प्रमुख चिकित्सक तिवारीको भनाइ थियो ।

अत्याधुनिक उपकरणबाट अधिकांश रोगको जाँच गरिने ल्याब सेवा सञ्चालन गरिएको छ । थाइराइड, फङ्गसन टेस्टदेखि लिएर सबै प्रकारका बायोकेमेस्टिक टेस्ट, डिजिटल एक्स-रे, डप्लर अल्ट्रासाउन्ड सेवा, फिजियोथेरापी सेवालगायत सेवा नियमित सञ्चालन भएका छन् । दैनिक ५०/६० वटासम्म अल्ट्रासाउन्ड हुने गरेको छ । अन्य सामान्य शल्यक्रियालगायत हाइड्रोसिल, हर्नियालगायत रोगको शल्यक्रिया पनि सोही अस्पतालमा हुने गरेको छ ।

# अध्यक्ष लामिछाने दुई विधामा पुरस्कृत

**मनाङ/मस**– नेपाल पत्रकार महासंघ मनाङका अध्यक्ष नवीन लामिछाने पुरस्कृत भएका छन् । हिमाली जिल्लाको समाचार सम्प्रेषणमा क्रियाशील पत्रकार लामिछानेलाई राष्ट्रिय समाचार समिति (रासस)ले पुरस्कृत गरेको हो । उनी एक दशक बढी समयदेखि मनाङबाट राससमा आबद्ध छन् ।



रासससले ६२ औं वार्षिकोत्सवको अवसरमा उत्कृष्ट समाचार लेखनमा उमाकान्त-गीतादेवी-चन्द्रमणी रजौरे स्मृति पुरस्कार र उत्कृष्ट फोटो पत्रकार २०७८ बाट लामिछानेलाई पुरस्कृत गरेको हो । हिमपात, बाढीपहिरो लगायतका जोखिममा समाचार सम्प्रेषण गरी जिल्लाको प्रचारप्रसार गर्दै विश्वमाझ चिनाउन लामिछानेको विशेष योगदान रहँदै आएको छ । उनले विश्वको अग्लो स्थानमा रहेको तिलिचो ताल ३७ पटक पुगेर स्थलगत रिपोर्टिङ गरेका छन् । यस्तै विश्वको १० औं स्थानमा पर्ने पदमार्गको थोराङ ला पासमा समेत १७ पटक पुगेर स्थलगत रिपोर्टिङ गरेका छन् ।

## राष्ट्रपतिमा...

छ । व्यक्तिगत भेटमा उहाँले माधव नेपाल, झलनाथ खनालदेखि अमिक शेरचनसम्मलाई राष्ट्रपति बनाइसक्नुभयो' गुरुङले भने । तर, माधव नेपालको नामबारे प्रस्ताव आएको खण्डमा आफूहरु छलफलका लागि तयार रहेको उनको भनाइ छ । 'माधव कमरेडलाई नै बनाउने हो भने औपचारिक प्रस्ताव लिएर आउनुपर्‍यो बाहिर भनेर हुँदैन । आयो भने छलफल गर्छौं । नआउँदासम्म उहाँको रणनीतिक कार्डका रुपमा मात्रै बुझ्दछौं' उनले भने ।

तर, एमाले माधव नेपालको नामबारे छलफल भएको बताउँछन् । एमाले स्रोतका अनुसार उनीहरुबीच आइतबार 'वान अन वान' गोप्य संवाद समेत भएको छ । मंगलवार पनि एमाले अध्यक्ष ओलीले एकीकृत समाजवादीका नेता तथा पूर्व मन्त्री कृष्णकुमार श्रेष्ठ किसानलाई बोलाएर छलफल गरेका छन् । ओलीलाई भेट्न श्रेष्ठ मंगलबार दिउँसो बालकोट पुगेका थिए । उनीहरुबीच करिब एक घण्टा कुराकानी भएको ओलीको सचिवालयले जनाएको छ । छलफल आगामी राष्ट्रपति चुनावमै केन्द्रीत रहेको बताइएको छ ।

राष्ट्रपति निर्वाचित हुन २६ हजार ३१५ मत चाहिन्छ । प्रदेश र संघीय सांसदको मतभार हिसाब गर्दा कांग्रेससँग १६ हजार २२१ मत मात्र छ । माओवादीसँग ७ हजार ७२८ मत छ । त्यसैले कांग्रेसलाई पराजित गर्न माओवादीलाई रोक्नैपर्छ । त्यसो त कांग्रेसलाई माओवादीको साथले मात्र पुग्दैन । त्यसैले माओवादीसँगै तत्कालीन गठबन्धन सहयात्री दल एकीकृत समाजवादीको पनि मत जुटाउन सके भने कांग्रेसलाइ बहुमत पुग्छ । कांग्रेसले सत्ताबाहिर रहेका जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीसँग पनि विश्वास लिने प्रयास जारी राखेको छ । तर उसले सत्ताबाहिरको दलहरूको मतले मात्र चुनाव जित्न भने सक्दैन । त्यसैले कांग्रेसलाई रोक्न माधव नेपाल भन्दा बलियो र प्रभावकारी कार्ड अरु हुन नसक्ने ओलीको ठम्याइ हो । ओलीको माधव कार्ड सफल भए प्रचण्डलाई पनि नैतिक संकट पर्नसक्ने आँकलन गरिएको छ । त्यसैले एमालेले अन्तिममा नेपाललाई अगाडि सार्ने संकेत पाएपछि कांग्रेस अन्योलमा देखिएको छ । तर ओली-नेपाल संवाद भए पनि आफूहरुले अघि सार्ने उमेदवार विजयी हुनेमा आफूहरु ढुक्क भएको काँग्रेस प्रवक्ता प्रकाशशरण महतको दाबी छ । काँग्रेसले राष्ट्रपतिमा उमेदवारी दिने भनेर सबैसँग छलफल समेत गरिसकेको बताउदै उनले यसबाट ब्याक हुन नसक्ने प्रष्ट पारेका छन् । 'नेपाली कांग्रेसले राष्ट्रपतिमा उम्मेदवारी दिन्छ र त्यो उम्मेदवारले जित्छ । ढुक्क हुनुस्,' उनले भने, 'माधव नेपालजीसँग ओलीले भेट्नुभयो भन्दैमा हामीले उमेदवार नदिने भन्ने सोंच राख्या पनि छैन, राख्दा पनि राख्दैनौं ।'

माओवादीले राष्ट्रपतिको विषयमा निर्णय गर्ने एकल अधिकार प्रचण्डलाई दिएको छ । प्रचण्डले आफ्नो उम्मेदवारलाई साथ दिनेमा ढुक्क रहेको प्रवक्ता महतले बताए ।

यता एकाएक राष्ट्रपतिको चर्चामा तानिएका एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालले भने राष्ट्रपति निर्वाचनलाई पावर सेयरिङको रुपमा लिने संकेत गरेका छन् । कसैलाई फाइदा पुगने गरी आफू परिचालित हुन नसक्ने उनको प्रष्टोक्ति छ । मंगलवार दाङको भालुबाङमा पत्रकारसँग कुरा गर्दै उनले राष्ट्रपति बन्न आफूलाई ठोस प्रस्ताव नआएको दावी गरे ।

'अहिले बजारमा हल्लाहरू धेरै छन् । चर्चापरिचर्चाहरू धेरै छन् । यस सन्दर्भमा कुनै टुंगोमा लागेको छैन,' उनले भने चाहना राख्ने कुरा बेग्लै हो । मैले नै आफू के गर्ने सोचिसकेको छैन । हाम्रो पार्टीले पनि के गर्ने भन्ने कुरा निर्णय गरिसकेको छैन । तर,पार्टीको धारणा के छ भन्दा खेरि पावर सेयरिङमा हाम्रो पार्टीको भूमिका हुनुपर्दछ ।'

पावर सेयरिङमा भूमिका नगरेर अरुकै लागि सधैं बलिदान नहुने पनि उनले प्रष्ट पारे । अरुले फाइदा उठाउने कुरा मान्य नहुने बताउदै अध्यक्ष नेपालले राष्ट्रपतिको लागि बृहत छलफलको आवश्यकता रहेको उल्लेख गरे ।

एमाले अध्यक्ष ओलीले राष्ट्रपति बन्न प्रस्ताव गरेको समाचार सार्वजनिक भए पनि नेपालले भने कतिपय कुराहरूलाई पर्दाभित्रै रहन दिंदा उपयुक्त हुने प्रतिक्रिया दिएका छन् ,'प्रेसमा आएका सबै समाचारहरू साँचो हुन्छन् भन्ने छैन । अहिले नै बोल्ने कुराको हतार गर्नु हुन्न । हतार नगरिकन पर्दाभित्र नै रहन दिनुपर्छ ।' पूर्वप्रधानमन्त्री समेत रहेका नेपालले पार्टीको ध्यान देशको हितमा रहेको बताए ।

## फर्किएको...

स्कटल्याण्डलाई लगातार दुई खेलमा पराजित गर्ने पहिलो टोली पनि बनेको छ ।

लगातार चौथो जित निकाल्ने क्रममा स्कटल्याण्डले दिएको २ सय १३ रनको लक्ष्य नेपालले ४४ ओभर १ बलमा ८ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा कप्तान रोहित पौडेलले अविजित ९५ रनको अर्धशतकीय पारी खेले । करण केसीले अविजित ३१, ज्ञानेन्द्र मल्लले २१, कुशल मल्लले १७ र आसिफ शेखले १२ रन जोडे ।

रोहित पौडेल र करण केसीले नवौं विकेटका लागि अविजित ७५ रनको साझेदारी गरे । यो नेपालका लागि नवौं विकेटका लागि भएको कीर्तिमानी साझेदारी हो । स्कटल्याण्डका लागि मार्क वाटले ३, क्रिस ग्रेभ्सले २, सफियान सरिफ, माइकल लिस्क र ब्रेण्डन म्याकमुलनले समान १/१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्याण्डले ४६ ओभर १ बलमा अलआउट हुँदै २ सय १२ रन बनाएको थियो । स्कटल्याण्डका लागि जर्ज मुन्शेले सर्वाधिक ६०, म्याथ्यु क्रसले ४२, ब्राण्डन म्याकमुलनले ३१, क्रिस्टोफर म्याकब्रिड र कायल कोट्जरले समान २२/२२ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले ४, करण केसीले ३, कुशल मल्ल र ललित नारायण राजवंशीले समान १/१ विकेट लिए ।

यस खेलसँगै नेपालका बलर करण केसीले एकदिवसीय अन्तर र्राष्ट्रियमा ५० विकेट लिएका छन् । केसी नेपालका लागि एकदिवसीय अन्तर्राष्ट्रियमा ५० विकेट पूरा गर्ने तेस्रो नेपाली खेलाडी बनेका छन् ।

नेपाल २८ खेलमा १२ मा जित र १४ मा हारसहित २६ अंकका साथ छैटौं स्थानमा छ । बाँकी रहेको ८ खेलमा कम्तिमा ६ खेल जितेमा नेपालको एकदिवसीय अन्तराष्ट्रिय मान्यता कायम हुनेछ ।

विश्वकप लिग टुमा स्कटल्याण्डको यो अन्तिम खेल रहेको थियो । तीन खेल बाँकी रहदै लिग टु को च्याम्पियन बनेको स्कटल्याण्डले नेपालसँगको खेलपछि ट्रफि पाएको छ ।

नेपालले आईसीसी विश्वकप लिग-२ अन्तर्गत बाँकी सबै ८ खेल जित्न सके शीर्ष तीनमा पर्दै सोझै विश्वकप छनोट खेल्न पाउने छ । सोमबार नामिबिया अन्तिम खेलमा स्कटल्यान्डसँग पराजित भएसँगै नेपाललाई सोझै विश्वकप छनोट खेल्ने अवसर खुलेको हो ।

अब बाँकी सबै खेल जित्दा नेपालको ४२ अंकमा पुग्छ । ४२ अंक नेपाल शीर्ष तीनमा पर्न पर्याप्त हुनेछ । आईसीसी विश्वकप लिग-२ को शीर्ष तीन टोली आगमी जुन जुलाईमा जिम्बावेमा हुने एकदिवसीय विश्वकप छनोट खेल्न पाउनेछन् ।

ओमान ३६ खेलमा २१ मा जित र १३ मा हारसहित ४४ अंकका साथ दोस्रो स्थानमा छ । ओमान र स्कटल्याण्ड जिम्बावेमा हुने एकदिवसीय विश्वकप छनोट खेल्ने पक्का भएको छ ।

अब तेस्रो टोलीमा नेपाल, यूएई र नामिबियाबीच प्रतिस्पर्धा हुनेछ । नेपालले सबै खेल जित्दा ४२ अंक हुन्छ । नामिबियाले बाँकी दुई खेल जित्दा ४१ अंकमा मात्रै पुग्छ । यूएई यदि नेपालसँग सबै खेलमा पराजित हुने हो भने र बाँकी सबै खेल जित्दा ३९ अंकमा मात्रै पुग्न सक्छ । त्यसैले यदि नेपालले बाँकी सबै खेल जित्ने हो भने शीर्ष तीनमा पर्ने पक्का हुनेछ । शीर्ष तीनमा पर्न नसके भने प्लेअफ क्वालिफायर खेल्नुपर्ने हुन्छ । जसमा लिग २ मा पुछारका चार टोली, क्यानडा र जर्सीबीच प्रतिस्पर्धा हुनेछ । जसबाट शीर्ष दुई टोलीले जिम्बावेमा हुने विश्वकप छनोट खेल्ने पाउनेछन् । प्लेअफ क्वालिफायर नै विश्वकप छनोट खेल्न पाउने अन्तिम अवसर हो ।

नेपालले अब यूएईमा गएर यूएई र पपुवा न्युगिनीसँग अर्को साता दुई दुई खेल खेल्नेछ । त्यो सिरिज सकिएलगत्तै नेपालले घरेलु मैदानमा यूएई र पपुवा न्युगिनीसँग नै दुई दुई खेल खेल्नेछ । नेपालले समग्रमा घरेलु मैदानमा चार र यूएईमा चार खेल खेल्नेछ ।

यूएईले खेल्न १० मध्ये ६ खेल घरेलु मैदान र ४ खेल नेपालमा छन् । यदि यूएई सबै खेलमा विजयी भए शीर्ष पाँचमा रहनेछ । जसका कारण नेपालको ओडीआई मान्यता कायमै राख्ने सम्भावना समाप्त हुनेछ । यूएईले बाँकी सबै १० खेल जित्दा ४७ अंक पुग्नेछ । नेपालसँग चार खेलमा हार्दा र बाँकी ६ खेल जित्दा ३९ अंकमा पुग्नेछ ।

## मलेसिया...

कमी हो । मंसिरमा २० हजार ३ सय ८८ जना र पुसमा १६ हजार ७ सय २९ जनाले मलेसिया जाान श्रम स्वीकृति लिएका थिए ।

मलेसियापछि कतार जानेको संख्या बढी छ । कतार जानका लागि १२ हजार सात सय चार जनाले श्रम स्वीकृति लिएकोमा म्यानपावर कम्पनीमार्फत जान श्रम स्वीकृति लिनेको संख्या २ हजार २ सय ५३ र व्यक्तिगत नयाँ ५ सय ७६ जनाको श्रम स्वीकृति भएको छ । अन्य पुनः श्रम स्वीकृति लिएका हुन् । विश्वकप फुटबलको समापनसँगै कतार जाने नयाँ कामदारको माग घटेको देखिएको छ ।

साउदी अरेबिया जाने नयाँ कामदारको संख्या अघिल्ला महिनाको तुलनामा घटेको छ । साउदी जानका लागि १० हजार पाँच सय ७६ जनाले श्रम स्वीकृति लिएपनि नयाँ कामदारको संख्या ५ हजार ७ सय ३६ र व्यक्तिगत प्रयासमा जानेको संख्या ११ मात्रै छ । यूएईका लागि ९ हजार सात सय ७० जनाले श्रम स्वीकृति लिएकोमा नयाँ कामदारको संख्या ४ हजार १ सय ७७ र व्यक्तिगत प्रयासमा जाने १ हजार ६ जना छन् । यूएई जाने कामदारको संख्या मंसिर र पुसको तुलनामा बढेको छ । यूएईमा पुसमा ३ हजार ५ सय ८ र मंसिरमा ३ हजार ३ सय ३५ जना गएका छन् ।

कुवेतका लागि २ हजार ९ सय ९२ जनाले श्रम स्वीकृति लिएका छन् । साइप्रसका लागि ४ सय १७ जनाले श्रम स्वीकृति लिएका छन् । पुसमा उक्त मुलुकका लागि २ सय ५३ जनाले श्रम स्वीकृति लिएका थिए ।

विभागको तथ्यांकअनुसार माघमा जापानका लागि ८ सय ८२ जना, माल्टाका लागि २ सय ७० जना, क्रोएसियाका लागि ४ सय ७१ जना, रोमानियाका लागि ८ सय ४ जना, पोल्याण्डका लागि ७ सय २० जना र पोर्चुगलका लागि ४५ जनाले श्रम स्वीकृति लिएका छन् ।

## साउदी...

विदेशमा रहेका नेपालीहरूले राष्ट्रिय अर्थतन्त्रको ठूलो हिस्सा धानेका छन्, उनीहरूको हकहित र सुरक्षाको प्रबन्ध गर्नु राज्यको जिम्मेवारी हो,' प्रधानमन्त्री दाहालले भने, 'वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको आत्मस्वाभिमान र उनीहरूले आर्जन गरेको पूँजी, सीप र प्रविधिलाई नेपालको हितअनुकूल परिचालन गर्न सरकार प्रतिबद्ध छ ।' धनकुटाको चौबिसे गाउँपालिका-४ निवासी कार्की दुई वर्षअघि ट्राफिक नियम उल्लंघन गरेको कसुरमा साउदी जेलमा रहेका छन् ।

## ब्याजदर...

समन्वयमा ब्याजदर घटाउन पहल नगरेको व्यवसायीको आरोप छ ।

व्यवसायीले लामो समयदेखि बैंकिङ ब्याजदर एक अंकमा कायम गर्नुपर्ने, व्यवसायीलाई आर्थिक राहतको व्यवस्थापन गर्नुपर्ने, सेवा शुल्क घटाउनु पर्ने लगायतका मागहरु राखेर आन्दोलित हुँदै आएका छन् । त्यतिमात्रै होईन, झापाका व्यवसायी दुर्गा प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाहलाई समेत राखेर आमसभा गरी बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि भौतिक आक्रमण गर्ने धम्की समेत दिएका थिए । उनले पटकपटक पत्रकार सम्मेलनमार्फत बैंकको ज्यादतीविरुद्ध उत्रिने दाबी गर्दै आएका छन् ।

तर, बैकिंङ्ग क्षेत्रका प्रमुखहरु भने बैंकबाट ऋण लिएर सडकमा बैंकविरुद्ध नै आन्दोलन गर्नु गलत भएको तर्क गर्छन् । 'बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिएकाहरुले नै ती संस्थाविरुद्ध आन्दोलन गर्नु चाहिं संसारमा कतै नहुने उच्छृङ्खल कुरा हो । यस्तो अशोभनीय घट्ना अहिले नेपालमा भइरहेको छ । तरपनि हामी उद्योगी-व्यवसायीहरुका संघ-संस्थासँग छलफलमा छौं । राष्ट्र बैंक पनि यसमा लागेको छ' नबिल बैंकका कार्यकारी निर्देशक एवम् बैंकर ज्ञानेन्द्रप्रसाद ढुंगानाले भने । उनले वार्षिक ७-८ प्रतिशत मुद्रास्फीति हुने मुलुकमा १२-१३ प्रतिशत ब्याजदर हुनु महंगो नभएको तर्क गरेका छन् ।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माकै कार्यकालबाट व्यवसायी आन्दोलित हुँदै आएपनि यसको समाधानमा नयाँ सरकार पनि लागेको छैन । तसर्थ, व्यवसायी आन्दोलित हुने र बैंकहरुले ब्याजदर बढाउने क्रम बढिरहेको छ ।


## सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७९/११/१०)

सिस्ने गाउँपालिकाको आ.व. २०७९/०८० मा आवश्यक तपशिल बमोजिमको सामाग्री खरिदका लागि मिति २०७९/१०/११ गते (प्रथम पटक) सौर्य दैनीकमा प्रकाशित सूचना बमोजिम रित पूर्वक विद्युतिय प्रणाली मार्फत यस कार्यालयमा पेश भएका शिलबन्दी दरभाउपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलि, २०६४ को प्रावधान बमोजिम मूल्याङकन समितिबाट मल्याङकण गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देहायबमोजिमको दरभाउपत्र स्वीकृत गर्ने निर्णय भएकोहुँदा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ८४ को उपनियम (११) बमोजिम सम्बन्धित सबै सोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | सिलबन्दी दरभाउपत्र नं | ठेक्का विवरण | छनौट हुन सफल दर भाउपत्रदाता नाम, ठेगाना | कूल कबोल रकम (मू.अ.क. सहित) |
|---|---|---|---|---|
| १. | EGP/SQ/SRM/Goods-01/079/80 | Procurement and Transportation of different types of Medicines | श्री सृजना मेडिसिन सप्लायर्स नेपालगंज-०४, बाँके । | रू. १९,०३,४०५/०० (अक्षरुपि उन्नाईस लाख तीन हजार चार सय पाँच रूपैयाँ मात्र ।) |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com



# नेत्र विशेषज्ञ डा. रुइतलाई 'इशा अवार्ड' प्रदान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन

नेपालका नेत्र विशेषज्ञ डा.सन्दुक रुइतलाई बहराइन सरकारका तर्फबाट राजा हमाद बिन इसा अल खालिफाले प्रतिष्ठित 'इशा अवार्ड' प्राप्त भएको छ ।



झण्डै तीन दशकयता निरन्तर 'मानवताका लागि सेवा' गरेबापत रुइतलाई बहराइन सरकारका तर्फबाट प्रतिष्ठित इशा अवार्ड प्रदान गरिएको हो । पुरस्कारको राशी १ मिलियन डलर अर्थात् झण्डै १४ करोड रुपैयाँ रहेको छ । तिलगंगा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशक डा.रुइतले 'विकासोन्मुख मुलुकका नागरिकमा रहेको अन्धोपनाको उपचारमा गरेको निरन्तरको प्रयत्नका निम्ति' बहराइन सरकारले यो विशिष्ट सम्मान प्रदान गरेको हो ।

मंगलबार राजधानी मनामास्थित इशा सांस्कृतिक केन्द्रमा आयोजित विशेष समारोहमा राजा हमाद बिन इशा अल खालिफाले १ मिलियन डलर राशिको पुरस्कारसहित डा.रुइतलाई सम्मान प्रदान गरेका हुन् ।

राजा हमाद बिन इशा अल खालिफाले 'लोकहितकारी कामका अर्थमा डा. रूइतले सबैभन्दा योग्य, अमूल्य र प्रभावकारी काम' गर्दै आएको बताए । इशा अवार्ड कमिटीका अधयक्ष सेख मोहम्मद बिन मुबारक अल खलिफाले पनि डा. रुइत मानवहितकारी अर्थमा संसारकै लागि उदाहरण रहेको बताए । आफ्ना पिता सेख इसा बिन सलमान अल खालिफाका नाममा सन् २००९ मा स्थापित यो सम्मान हरेक दुई वर्षमा र 'मानवताका लागि सेवा' गर्ने विश्वभरकै कोही व्यक्ति/संस्थालाई प्रदान गरिँदै आएको छ ।

पुरस्कार तथा सम्मान ग्रहण गर्दै डा.रूइतले उनले बहराइन अधिराज्यले यो सम्मानबाट सम्मानित गरेकोमा कृतज्ञता जाहेर गर्दै भविष्यमा आफ्नो कामलाई अझ प्रतिबद्धताका साथ निरन्तरता दिने बताए । यो अवार्डले आफूलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिबद्धता र मेहेनतका साथ काम गर्ने अवसरका रुपमा थप प्रेरणा दिएको उनको भनाइ थियो । नेत्र चिकित्सक डा. रुइतले अहिलेसम्म एक लाख २५ हजार भन्दा धेरै व्यक्तिको शल्यक्रिया गरिसकेका छन् । उनले ७० भन्दा बढी देशमा प्रत्यक्ष/परोक्ष सेवा दिइसकेका छन् ।

इशा अवार्ड पाउने डा. रुइत पाँचौं व्यक्ति हुन् । पहिलोपटक मलेसियाकी प्रतिष्ठित चिकित्सक जेमिला महमुदले २०१३ मा पाएकी थिइन् । दोस्रो अवार्ड २०१५ मा भारतका शिक्षाविद् अच्युता सामन्तले र तेस्रो २०१७ मा इजिप्टको चिल्ड्रेन क्यान्सर हस्पिटललाई प्रदान गरिएको थियो । चौथो अवार्ड भने पाकिस्तानको प्रतिष्ठित सामाजिक सेवक संस्था इधी फाउन्डेसनलाई प्रदान गरिएको थियो ।

बहराइन सरकारका तर्फबाट सञ्चारमन्त्री डा.रमजान बिन अब्दुल्ला अल नुवायमीले सोमबार पत्रकार सम्मेलन गर्दै 'कुनै मुलुक वा राष्ट्रियता हेरेर इशा अवार्ड प्रदान नगरिने बताउँदै मानवीयताको उच्चतम सेवा-कदरका लागि डा.रुइतको कामलाई छनौट गरिएको' बताए ।

डा.रुइतले पैसा कमाउनेभन्दा आम मानिसलाई सहज हुने गरी आँखा उपचारमा सस्तो मूल्यको इन्ट्राअक्युलर लेन्स सिंगो विश्वलाई उपहार दिएको आधारलाई इशा अवार्डले 'उल्लेख्य उपलब्धि' ठानेको उनको भनाइ थियो । रुइतको प्रयासले इन्ट्राअक्युलर लेन्स प्रतिगोटा ३ डलरमै उत्पादन सम्भव भएको छ । एक दशक अघिसम्म यो लेन्सको मूल्य झण्डै १५० डलर थियो । नेपालमा उत्पादित करिब ६० लाख इन्ट्राअक्युलर लेन्स विश्वभर वितरण भइसकेको छ ।

इशा सांस्कृतिक केन्द्रको समारोहमा बहराइन सरकारका मन्त्रीहरु तथा र विशिष्ट आगन्तुकगणको उपस्थिति थियो । समारोहमा बहराइनस्थित राजदूत तिर्थराज वाग्ले र मानमास्थित कूटनीतिक समुदायको उपस्थिति रहेको थियो ।

समारोहमा तेज कोहली-रूइत फाउण्डेसनका सहअध्यक्ष तेज कोहलीसमेत बेलायतबाट बहराइन आइपुगेका छन् ।

# जुम्लामा विद्यार्थी भर्ना अभियान शुरु

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ९ फागुन

जुम्लाका सामुदायिक विद्यालयले भर्ना अभियान शुरु गरेका छन् । शिक्षाको पहुँच बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन भर्ना अभियान शुरु गरिएको हो । मंसिरमा वार्षिक परीक्षा सकेर फागुनको पहिलो सातासम्म विद्यालयमा हिउँदे बिदा हुन्छ । बिदा सकिए लगत्तै भर्ना अभियान शुरु गरिएको दुर्गा माध्यामिक विद्यालय जुम्लाले जनाएको छ । भर्ना अभियानलाई सार्थक र सफल बनाउनको लागि अभिभावक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको भूमिका हुने तातोपानी गाउँपालिका ५ स्थित दुर्गा माध्यमिक विद्यालय लाम्राका प्रधानाध्यापक प्रेमबहादुर शाहीले बताएका छन् ।



उनका अनुसार 'सबै बालवालिकालाई विद्यालय पठाऔं, शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भन्ने' मूल नाराका साथ अभियान चलाइएको छ । दुर्गा माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवीचन्द्र आचार्यले अभियानले बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिरहेको बताए ।

उनले अझै पनि गरिब तथा विपन्न र अपांगता भएका बालबालिका विद्यालयको पहुँचमा आउन नसकेको बताए । यो वर्ष सबैलाई विद्यालयको पहुँचसम्म ल्याउने प्रयास गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आचार्यले बताए । उनका अनुसार दुर्गा माविमा कक्षा १ देखि १२ कक्षासम्म पढाइ भइरहेको छ । विद्यालयमा यो वर्ष कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन हुने भएको छ ।

'सामुदायिक विद्यालयमा पनि शिक्षाको गुणस्तर बढाउनु पर्छ भन्ने मान्यताका साथ हामी अघि बढेका छौं' उनले भने । निजी विद्यालयमा अभिभावकहरुको ध्यान गएकाले यस वर्षबाट सामुदायिक विद्यालय दुर्गा माविमा पनि अंग्रेजी माध्यमबाट पठनपाठन हुने उनले जानकारी दिएका छन् ।

दक्ष र योग्य जनशक्ति सामुदायिक विद्यालयमा भए पनि शिक्षक र शिक्षिकाले आफूले आफूलाई विश्वास नगर्ने प्रवृत्तिले आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाउने संस्कारले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थीको संख्यामा कमी आएको उनको भनाइ छ । जुम्लाका सबै सामुदायिक विद्यालयले विद्यार्थी भर्ना अभियान शुरु गरेका छन् ।

सिराह डायरी

# गाँजासहित तीन जना पक्राउ

**राजेन्द्र महतो/मध्यान्ह**
सिराह, ९ फागुन

सिराहामा लागुऔषध गाँजासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिराहा मिर्चैया नगरपालिका वडा नं. ६ बस्ने ४६ वर्षीय कुशेश्वर यादव, धनगढीमाई नगरपालिका वडा नं. १४ बस्ने ३६ वर्षीय गौरव शाही र धनगढीमाई बस्ने २४ वर्षीय काले भन्ने भुपेन्द्र बहादुर रहेका छन् ।



ईलाका प्रहरी कार्यालय मिर्चैया सिराहा र लागुऔषध नियन्त्रण ब्यूरो सिराहाबाट खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाको आधारमा सिराहा मिर्चैया नगरपालिका वडा नं. ६ कटारी चोकस्थित बिक्री वितरणका लागि लैजाने क्रममा प्रहरीले चेक जाँच गरी उनीहरूले बोकेको कालो झोलाबाट अवैध लागुऔषध गाँजा १० किलो ५०० ग्राम बरामद गरेको हो ।

पक्राउ परेका तीनै जनालाई सिराहा जिल्ला अदालतबाट लागुऔषध मुद्दामा ७ दिनको म्याद लिई इलाका प्रहरी कार्यालय मिर्चेया सिराहाबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कर्यालय सिराहाले जनाएको छ ।

# स्कुल बस दुर्घटना हुँदा दुई जना घाइते



सिराहामा स्कुल बस दुर्घटना हुँदा दुई जना विद्यार्थी घाइते भएका छन् ।

कर्जन्हा नगरपालिका वडा नम्बर ६ स्थित भित्री सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे १ ख १६८४ नम्बरको शिक्षानान्तर ऐकेडेमीको स्कुल बस अनियन्त्रित भएर खेतमा पल्टिँदा बसमा सवार दुई जना विद्यार्थी घाइते भएका हुन् ।

घाइते हुनेहरूमा कर्जन्हा नगरपालिका वडा नम्बर ११ बस्ने जितेन्द्र राउतको छोरी ७ वर्षीया आशिका राउत र वडा नम्बर ९ बस्ने अजित साहको छोरा ६ वर्षीय प्रशान्त साह रहेका छन् । आशिकाको दाहिने हातमा र प्रशमन्तको आँखामाथि र गालामा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते दुबै जनाको स्थानीय फूलकुमारी महतो मेमोरियल अस्पतालमा उपचार भइरहेको । उनीहरु दुबै जनाको अवस्था सामान्य रहेको छ ।

बस चालक दीपेन्द्र दासलाई प्रहरीले नियन्त्रणमा लिएको छ । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/११/१०**

यस कार्यालयमा मिति २०६७/१०/०९ मा दर्ता भएको **प्रा.लि.नं. ७९८५८** को **मह एग्रीकल्चर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरि एको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जनजागरण सा.व.उ.स. बेलका न.पा.-६ उदयपुरको**
**काठ लिलाम विक्री सम्बन्धी सूचना**
**प्रकाशित मिति : २०७९/११/१०**

यस समूहले आर्थिक बर्ष २०७६।०७७ मा नियामानुसार संकलन गरी समुहको घाटगद्दीमा रहेको लट नम्बर १ को साल जातको थान ३० को ३७०.९२ क्यू.फि, काठ समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

**काठ लिलाम बिक्रीको सूचना !**

यस समूहले आर्थिक वर्ष ०७८/७९ मा संकलन गरी घाटगद्धीमा राखेको बिभिन्न जातका गोलिया काठहरु डिभिजन वन कार्यालय गाईघाट, उदयपुरबाट मितिः ०७९ पुस २६ गते च.नं. ९११ को पत्र अनुसार सहमति लिएर आन्तरिकतर्फ बितरण भई बाँकी रहेको परिमाणको काठ समूहबाहिर बिक्री बितरण गर्ने निर्णय बमोजिम सवडिभिजन वन कार्यालय देउरीबाट लट विभाजन भई नियमानुसार लिलाम बिक्री गर्न सहमति माग्दा सवडिभिजन कार्यालय देउरीबाट मितिः ०७९ फागुन ८ गते च.नं. १२७ को पत्रबाट लेखि आए अनुसार तपसिल बमोजिम जात, थान र परिमाणको काठ/दाउरा प्रचलित ऐन, कानुन, परिपत्र, सा.व.उ.स. को काठ/दाउरा बिक्री बितरण निर्देशिका, २०७१ को अधिनमा रही टिम्बर कर्पोरेशन नेपाल (टिसिएन) को मूल्य तथा हालको बजारभाउलाई समेतलाई मध्येनजर राखी न्यूनतम मूल्य कायम गरी खुल्ला प्रतिस्पर्धा प्रक्रियाद्वारा बिक्री बितरण गर्नुपर्ने भएकाले कानुनी मान्यता प्राप्त गरी सञ्चालनमा रहेका बिधिवत सूचिकृत इच्छुक समिल/उद्योगहरुलाई जानकारीका लागि यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**तपशिल**

| लट नं. | जात | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | प्रयोजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए ग्रेड | | बी ग्रेड | | सी ग्रेड | | डी ग्रेड | | जम्मा | | |
| १ | साल | ० | ० | ५ | ७१/७४ | १२ | ११४/०४ | १५ | ८२/४१ | ३२ | २६८/४१ | समुह बाहिर |
| | अन्य | १ | २४/३७ | १० | १६४/३६ | २९ | २३४/१३ | ० | ० | ४० | ४२२/८६ | |

**श्री अम्बिका सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका ५, उदयपुर

**Invitation for Sealed Quotation**

**Temkemaiyung Rural Municipality**
**Office of Rural Municipal Executive**
**Province No. 01, Annapurna, Bhojpur**

**Invitation for Bids for the Sealed Quotation Work of Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur**

**Date of publication: 2079/11/10 (2023/02/22)**

1. Temkemaiyung Rural Municipality invites sealed quotation from Nepalese eligible bidders for the following works under Sealed Quotation bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open for all eligible Nepalese Bidders.

| S.N. | Contract ID. No. | Description of work | Estimated Amount (NRs) (Without VAT) | Cost of Bid Document | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 12/BHO/ TRM/ROAD/ SQ/079/80 | Annapurna Chhinamakhu Road Construction Work (Package II) | NRs. 17,17,704.45 | NRs.1,000 | NRs. 45,000 | 45 days | 75 days |

2. Sealed bids must be submitted to the office Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur by hand or courier on or before 12:00 hour on 2079/11/25(2023/03/09).
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur, E-mail address:- ito.temkemaiyungmun@gmail.com.***

**Chief Administrative Officer**

**Invitation for Bids**

**Shivasatakshi Municipality**
**Office of the Municipal Excutive**
**Province no 01, Jhapa**
**Date of Publication: 2079/11/10 (22-Feb-2023)**
**Date of Opening: 2079/12/10 (24-Mar-2023)**

1. Shivasatakshi Municipality invites sealed bids from Nepalese eligible bidders for the construction of work under National Competitive Bidding procedures.

| Contract Identification no. | Description | Estimated Amount (Without VATand PS) | Bid document Fee Nrs | Bid Security Nrs | Remarks |
|---|---|---|---|---|---|
| 12/SM/NCB/ Cons/2079/080 | Construction of Suryodaya School Building,Shivasatakshi 05 | 23,37,068.32 | 3000.00 | 58,500 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Byangdada, Jhapa , Ph no 023-470323, dms.shivasatakshimun@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office of Shivasatakshi Municipa;ity Byangdada, Jhapa by the eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs 3000 till 2079/12/09(23-Mar-2023) during office hours.
4. Pre-bid meeting shall not be conducted
5. Sealed bids must be submitted to the office Shivasatakshi Municipality Office by hand/courier before 12:00 Noon on 2079/12/10 (24-Mar-2023) . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 Noon on 2079/12/10 (24-Mar-2023) at the office of Shivasatakshi Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amount as stated above deposited at account No. 3140010000161 on behalf of Shivasatakshi Municipality at Mega Bank Ltd , Byangdada Branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security amounting to a minimum above mentioned amount shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Executive Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० फागुन २०७९, बुधबार
22 February 2023, Wednesday

## सम्पादकीय

# राष्ट्रपतिमा स्वस्थ प्रतिस्पर्धा

मुलुकको ध्यान राष्ट्रपति निर्वाचनतिर तानिएको छ । निर्वाचनका लागि यही फागुन १३ गते मनोनयन दर्ताको कार्यतालिका छ । मनोनयन दर्ताका लागि केही घण्टा मात्रै बाँकी रहँदा राजनीति दलहरूको दौडधुप बाक्लिएको छ । राष्ट्रपतिका आकांक्षीहरूको लबिङ तीव्र भएको छ । यो स्वभाविक पनि हो । तर स्वभाविक प्रक्रियाका अस्वभाविक अभ्यास र दबावका संकेतहरू देखा परेका छन् । राजनीतिमा इमानदारिता पनि हुन्छ भन्ने विषय नेपाली राजनीतिमा गलत भाष्यका रूपमा स्थापित छ । नेपाली राजनीतिमा पछिल्लो तीन दशकदेखि केन्द्रमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहमति तोड्दा वा नयाँ ढंगको समीकरण बनाउँदा राजनीतिलाई सम्भावनाको खेलको रूपमा ब्याख्या गर्छन् । खासगरी तत्कालीन शेरबहादुर देउवा नृतत्वको सरकारलाई ४० बुँदे माग राखेर पूरा गर्ने आश्वासन नपाएपछि २०५२ सालदेखि १० वर्ष सशस्त्र युद्ध जनयुद्ध गरेर आएका प्रचण्डले उनै देउवासँग पटक पटक सत्ता साझेदारी गरे । केपी ओली नेतृत्वको सरकार ढालेर देउवासँग सहकार्य गर्दा उनले राजनीतिलाई सम्भावनाको खेलको रूपमा ब्याख्या गरेका थिए । पछिल्लो समय राजनीतिक सहमति तोड्दा पनि हुने गरेको छ । उदाहरण हो, पुस १० मा एमालेलाई राष्ट्रपति दिने गरी सहमति गर्ने र फागुन ८ गते परिस्थिति बदलिएको भन्दै स्वार्थ मिल्नेसँग राष्ट्रपति निर्वाचनमा सहकार्य गर्ने निर्णय लिनु । माओवादी केन्द्र राष्ट्रपति निर्वाचनमा निर्णायक छ । निर्णायक भएकै कारण राजनीतिक इमानदारिता नदेखाउनु राजनीति होइन ।

राष्ट्रपति निर्वाचनलाई लिएर अन्तराष्ट्रिय चासो र सक्रियता बढेको छ । यही बेला प्रधानमन्त्री प्रचण्डले बाह्रबुँदे समझदारीका पक्षधरहरू मिल्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । १२ बुँदे सहमति नेपालको शान्ति प्रक्रियासँग मात्रै जोडिएको विषय होइन, नेपाल मामिलामा भारतको संलग्नताको पछिल्लो ठूलो देखिने उदाहरण हो । विदेशी हस्तक्षेप हुनु र निम्त्याउनु विलकुल फरक विषय हुन । यही बेला आन्तरिक रूपमा एमाले र कांग्रेसलाई हाराहारीमा पुर्याउने र साना दलहरूको मत किनबेच गरेर राष्ट्रपति आफ्नो पक्षमा पाने पर्दा पछाडिका खेलहरू प्नि चलेका छन् । एमाले र एकीकृत समाजवादी सहित केही साना दललाई एक ठाउँमा, कांग्रेस र माओवादीलाई अर्को ठाउँमा उभ्याउँदा राष्ट्रपति निर्वाचन पेचिलो हुने देखिन्छ । यस्तो स्थितिमा दुबै समीकरणका लागि दुई हजार वरिपरी मत आवश्यक पर्छ । त्यस्तोमा साना र स्वतन्त्र सांसदहरूको मत निर्णायक हुन्छ । यस्तो अवस्थामा सांसद खरिदबिक्री गर्ने प्रयास गर्ने दुषित मनसाय हुन सक्छ । अर्थात, निर्वाचन राष्ट्रपतिको चलखेल अन्तराष्ट्रिय चासोदेखि आन्तरिक रूपमा अराजनीतिक खेल खेलियो भने मुलुककै सर्वोच्च पदको गरिमा रहन्न । यसकारण नदखिने प्रतिस्पर्धा होइन, देखिने र स्वस्थ प्रतिस्पर्धा गर । गणतन्त्रको प्रतिकका रूपमा रहेको राष्ट्रपति पदको सम्मान गर । तब मात्रै राष्ट्रपति साँच्चै राष्ट्रको अविभावकका रूपमा रहन सक्छ ।

# राजनीतिमा विचारको खोजी

*राजनीतिलाई हरेक नीतिको मूल नीति भनिन्छ । राजनीतिले नै हरेक कुराको निर्णायक भूमिका निर्वाह गर्छ । देशको राजनीति सही 'ट्र्याक'मा छ भने मात्र अरू नीति प्रभावकारी हुन्छ । तर, विचारबिहीन र उद्देश्यबिहीन राजनीतिले गन्तव्य पाउँदैन । आज नेपालको राजनीतिको दुरावस्था यहीँबाट शुरू भएको देखिन्छ ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

राजनीति सामाजिक आन्दोलनको हिस्सा हो । यो पेशा वा व्यवसाय होइन, सेवा हो । राजनीति संस्कार हो, जुन नैतिक धरातलमा उभिएर गरिन्छ र जनताप्रति समर्पित हुन्छ । राजनीतिले असल शासन प्रणाली र स्थिर सरकार निर्माणमा प्रमुख एवम् महत्वपूर्ण भूमिका खेल्दछ । राजनीतिबिना राज्यसत्ता सञ्चालको कल्पना पनि गर्न सकिँदैन । राजनीतिको वास्तविक लक्ष्य राष्ट्र निर्माण एवम् भौतिक विकास हुनुपर्छ । तर, अफसोच यसलाई अहिले शत् प्रतिशत सत्तामा पुग्ने र टिकिरहने खेलमा सीमित बनाइएको छ । वर्तमान नेपाली राजनीतिबाट देशप्रेमी र राष्ट्रभक्तिको भावना मरेको छ । यसरी अब धेरै दिन चल्नेवाला छैन । जनअपेक्षित साबै कुराको सम्बोधन र छिनोफानो अब छिटै हुनुपर्छ ।

**विचार र सिद्धान्त**

नेपालका राजनीति पार्टीहरुको आ-आफ्नै वैचारिक तथा सैद्धान्तिक धरातल छ । विचार र सिद्धान्तको राजनीति छाडेर केवल सत्ताको राजनीति गर्न पुग्दा विचार, सिद्धान्त र आदर्श सकिएको छ । नेपालको राजनीतिमा अब विचार धाराको द्वन्द्व समाप्त भएको विषय पनि उठ्ने गरेको छ । अब सबाल कांग्रेस, कम्यूनिष्ट र अन्य पार्टीबीच होइन, मूलुकमा स्थायित्व र विकास चाहने र नचाहनेबीच हो । कांग्रेस आफ्नो स्थापनाकालीन राजनीतिक विचार र सिद्धान्तमा अडिग छैन । अनेक नामधारी कम्युनिष्टहरुको मार्क्सवाद, लेनिनवाद वा माओवादलाई पृष्ठभूमीमा राखेर सत्तालिप्सामा भूलिरहेका छन् । सत्ताको वरिपरि मात्र चक्कर लागाउने यी पार्टीबीच कुनै तात्विक वैचारिक भिन्नता छैन । विचार फरक-फरक छ भन्ने तर, सत्ता स्वार्थबाट गरिने चुनावी तालमेल वा गठबन्धन एक प्रकारको राजनीतिक सिण्डिकेट नै हो । चुनावमा पार्टीबीच स्वतन्त्ररूपमा प्रतिस्पर्धा नगरी वैचारिक धरातल नमिल्नेबीच सत्ताका लागि तालमेल गर्नु नितान्तः स्वार्थगत विषय हो । जताबाट क्षणिक फाइदा हात लाग्छ, उतै जाने संसदवादी पार्टीको नियति नै बनेको छ ।

**स्वेच्छाचारी प्रवृत्ति**

एकभन्दा बढी व्यक्तिहरु एउटै उद्देश्य प्राप्तिको निम्ति सँगै रहने अवस्था नै संगठन हो । संगठन विचार, कार्यदिशा, योजना, निर्णय र पद्धतिको आधारमा चल्दछ । नीति, नेतृत्व, कार्यकर्ता र जनसमुदाय भएपछि संगठन चल्दछ । पार्टीको आफ्नै संगठनात्मक नियम हुन्छ । सबै समितिहरु निवार्चित हुनुपर्ने, सबैले आफ्नो कामको रिपोर्ट नियमितरूपमा माथिल्लो समितिमा पठाउनुपर्ने, माथिल्लो समितिको निर्णय तल्लो समितिले मान्नुपर्ने, अल्पमत बहुमतको मातहत रहनुपर्ने र बहुमतले अल्पमतको सम्मान गर्नुपर्ने हुन्छ । तर, नेपालका राजनीति पार्टी र तिनको नेतृत्व संगठनात्मक नियमअनुरूप चलेको छैनन् । तिनिहरुमा स्वेच्छाचारी प्रवृत्ति हावी रहेको देखिन्छ । स्वेच्छाले गरिने निर्णय प्रक्रियामा त्याग, निष्ठा, इमानदारी, ऐतिहासिक पृष्ठभूमि आदिको कुनै मूल्यमान्यता हुँदैन । आफू आफ्नो परिवार, आफन्त, आसेपासेलगायतको उपस्थितिमा रमाउने वातावरण बन्दछ । स्वेच्छाचारी शक्तिले पुर्णरूपले भ्रष्ट बनाउँछ । कुरा लोकतन्त्रको गर्छन् कामचाहीँ अधिनायकवादी । त्याग र निष्ठवान नेता तथा कार्यकर्ताले निकृष्ट स्वार्थको स्वर सुनेर पनि स्वस्तुतिमा रमाउनुपरेको छ । एकाधिकारीको ताबेदारीबाट प्राप्त पद र प्रतिष्ठामा चित्ता बुझाउनुको विकल्प हुँदैन । प्रत्येक पार्टीभित्र मौलाउदै गएको यो प्रवृत्तिको अन्त्य गर्नु जरुरी छ । सत्यता थाहा हुँदाहुदै पनि दबेर बस्नु, मुर्दा शान्तिले भरिनु, कुनै छट्पटीबिना चुपचाप सहनु, सपनाहरुको मृत्यु हुन दिनु सबभन्दा खतारनाक हुन्छ ।



*'समृद्ध नेपाल र सुखी नेपाली' नारा सुगा रटानामा मात्र सीमित रहेको छ । तर, नीतिगत सुधार गरेर अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख तुल्याउन अग्रसर हुनुको सट्टामा मनगढन्ते तथ्यांक प्रस्तुत गरेर जनसाधारणलाई रनभुल्लामा पार्ने चेष्टा गरिएको छ ।*

**जनताको अवस्था**

समृद्ध नेपाल र सुखी नेपाली नारा सुगा रटानामा मात्र सीमित रहेको छ । नीतिगत सुधार गरेर अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख तुल्याउन अग्रसर हुनुको सट्टामा मनगढन्ते तथ्यांक प्रस्तुत गरेर जनसाधारणलाई रनभुल्लामा पार्ने चेष्टा गरिएको छ । कर्तव्य पालना केवल भाषणमा मात्र सीमित हुन्छ । जनताको आर्थिक अवस्था कमजोर छ । विश्व बैंकको तथ्यांकअनुसार नेपालमा गरिबी २७ प्रतिशत रहेको भनिएता पनि जीवनस्तरलाई प्रत्यक्ष हेर्दा यो संख्या निकै बढी रहेको छ । जनताको मौलिक अधिकारभित्र राखिएका विषयलाई जनताले नै उपभोग गर्न नसकेर वञ्चित हुनुपरेको छ । खासगरी शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा आदिको क्षेत्रहरु अप्ठ्यारोमा परेको पाइन्छ । शिक्षा र स्वास्थलाई निजीकरणको रोगले ग्रस्त पार्दै लगेको छ । सामान्य स्वास्थ्य उपचारसमेत नपाएर जनताले ज्यान गुमाउनु परिरहेको छ ।

नेपाली युवाहरुलाई विश्वको कुनाकुनामा सस्तो श्रममा काम गर्न बाध्य पारिएको छ । आर्थिक लेनदेन, नाफाघाटा, व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि जे पनि गर्ने संस्कृति मौलाउदै गएको पाइन्छ । आफ्नो देश, समाज, जनता, समुदायलाई सेवा गर्ने, प्रगति र उन्नतितिर लैजाने खालको संस्कृति छैन । देशलाई स्वाधीन बनाउने, जनताको आत्मनिर्भर र स्वाभिमान बनाउने कुनै योजना र लक्ष्य छैन । विदेशी मालिकहरुलाई खुशी पार्ने, आफ्नो दुनो सोझ्याउने र आफ्नो वरिपरिको सानो हिस्साको स्वार्ग पूरा गर्ने छैनन् । विगत ३३ वर्षको अवधिमा देशमा धेरै काम राजनीतिक अभ्यास भए तर, त्यस्ता अभ्यासको प्रतिफल सर्वसाधारणलाई प्राप्त भएन । सर्वसाधारणको दैनिकी अझैसम्म पनि कष्टकर नै छ ।

**नागरिकको दायित्व**

राष्ट्रहित बारेमा आमनागरिकले बुझ्नु जरुरी छ । संविधानको धारा ५ मा राष्ट्रहितका १० मापदण्ड तोकिएका छन् । 'नेपालको हकहित रक्षा' एउटा मापदण्ड छ । नेपालको हकहितको रक्षा तब मात्र हुन्छ, जब हामी गएको सरकारको उपलब्धि हेरेर मात्र मत हाल्छौं । धारा ४ मा नागरिकको कर्तव्य तोकिएको छ । खण्ड (क)मा राष्ट्रप्रति निष्ठावान हुनुपर्ने र खण्ड (ख) मा संविधान र कानुनको पालना गर्नु नागरिकको कर्तव्य तोकिएको छ । काम गर्न सक्ने वा गर्नेलाई छान्नु निर्वाचनको उद्देश्य हो र राष्ट्रहित पनि हो । राजनीतिमा योग्यता भनेको दृष्टिकोण, इमानदारीता, निष्ठा, निरन्तरता, निष्पक्षता, पारदर्शिता, अनुशासन, असल, चालचलान, पढाई, उमेर, राम्रो स्वास्थ्य आदि हुन् । यिनै कुराको आधारमा योग्य र सक्षम ठहरिएका र एकपटकको परीक्षणमा पास भएकालाई मतदान गर्नु सच्चा नागरिकको दायित्व हुन्छ । अधिकारको खोजी गर्दैगर्दा कर्तव्य र दायित्व पनि सम्झनुपर्छ । राजनीतिक पार्टी र नेतालाई पुरिस्कृत र दण्डित गर्ने उपयूक्त मौका निर्वाचन हो । सबैले इमानदार र गम्भीर भएर सोचविचार गरौं आफ्नो मत खेर नफालौं ।

**राजनीतिक क्रान्ति**

नेपालको पार्टीहरुले क्रान्ति वा परिवर्तनका नाममा राजनीति गरिरहेका छन् । हुन त नेपालमा भएका राजनीतिक परिर्वतनले नेपाली जनतालाई विकास र आधुनिकताको चेतना दिएको छ । विकासले देखिने र उल्लेख गर्न लायक रूपरेखा त धारण गरेको छैन, तर आधुनिकताको चेतनाको हिसाबले नेपाली जनतामा बौद्धिक संस्कारको भने विकास भइरहेको छ । पार्टीका राज्यसत्तामा नपुगेकै कारण, आफू प्रधानमन्त्री वा मन्त्री नभएकै कारण देशको विकास हुन नसकेको भ्रम छरिरहका छन् । यिनीहरुलाई नागरिक आधारभूत आवश्यकता पूरा गर्नपर्नेको कुनै दायित्व छैन । राजनीतिमा अहिलेसम्म सक्रियता देखाइरहेका बुढा नेताहरुको चिन्तन संर्किण छ । यिनले राजनीतिलाई देश लुट्ने खेल बनाएका छन् । नेपालका संसदवादी पार्टी र नेताको राजनीतिले देश अगाडी बढ्नेवाला छैन । यिनको सबै प्रकारका राजनीतिक भ्रान्तिहरुबाट अब नेपाली जनता मुक्त हुनैपर्छ ।

**राजनीति केका लागि ?**

व्यक्ति जन्मन्छ र मर्छ । व्यक्तिको जीवन एकपटकको लागि मात्र र फेरि प्राप्त हुदैंन । व्यक्तिको जीवनको सार्थकता केही कार्य गर्न सक्नुमा हून्छ । व्यक्तिले आफ्नो लागि वा समाजको लागि केही न केही गर्न सक्छ र त्यो देशको लागि पनि हुन्छ । व्यक्तिले गर्न सक्ने धेरै काममध्ये राजनीति एउटा हो । राजनीतिलाई हरेक नीतिको मूल नीति भनिन्छ । राजनीतिले नै हरेक कुराको निर्णय भूमिका निर्वाह गर्छ । देशको राजनीति सही ट्र्याकमा छ भने मात्र अरु नीति प्रभावकारी हुन्छ । राजनीति परिवर्तनका लागि हो । राजनीतिले लोकतन्त्र र मुलुकको समृद्धिमा ठूलो अर्थ राख्न सक्नुपर्छ । जुनसुकै सर्त र सम्झौता गर्नुपरे पनि राष्ट्रको सर्वोपरी हितलाई केन्द्रमा राखेर गरिने राजनीति एउटा सफा र राम्रो खेल हो भन्ने वातावरण बनाउनको लागि पनि खेलाडीहरु असल, अनुशासित, इमानदार हुनुपर्छ । जसको निम्ति राजनीति विचारबद्ध र सिद्धान्तअनुरुप हुनुपर्छ । तर बिडम्बना, आजको नेपालको राजनीति विचारबिहीन र उद्देश्यबिहीन छ । जसको कारण राजनीतिले सही गन्तव्य भेटिरहेको छैन ।

## सामाजिक सञ्जाल



**- फणिन्द्र नेपाल**

सुगौली सन्धि भएको १३० वर्षपछि इन्डिया र त्यसको चार वर्षपछि सन् १९५० जनवरी २६ मा सर्वोच्च अदालतको स्थापना भयो । सुगौली सन्धि हुनुभन्दा २०० वर्षअघिदेखि नै मेचीपारी बसोबास गर्ने सिक्किमी नेपालीलाई सुगौली सन्धिको १३४ वर्षपछि जन्मेको इन्डियाको सर्वोच्च अदालतले विदेशी भन्नुको तात्पर्य बुझौं ।



**- ओमकुमार थापा**

नेपालको राष्ट्रपति पद आलंकारिक हो यद्यपि, दलहरूको अनावश्यक चासो र विदेशीहरूको नाङ्गो हस्तक्षेपले राष्ट्रपति पदलाई कार्यकारी जस्तो बनाएर जनताको भावनासमेत विभाजन गरेर अस्थिरताको खेल खेल्नु अत्यन्तै दुःखद र निन्दनीय विषय हो । राष्ट्रिय सवालमा समेत मिल्न नसक्ने दलहरू के खोक्छन् खै ?



**- गेजा शर्मा वाग्ले**

बिहानदेखि बेलुकासम्म राष्ट्रपतिका लागि श्रृंखलाबद्ध बैठक, चर्को स्वरमा राजनीतिक वक्तव्यवाजी र आरोप-प्रत्यारोपले जनता वाक्क भइसके ! न सुशासन, विकास र नीतिगत विषयमा दलहरूबीच बहस भएको सुनिन्छ, न जनताले अनुभूति गर्ने गरी सरकारले डेलिभरी गरेको छ । के जनताले अर्को विद्रोह गर्नु पर्ने हो ?



**- मोहना अन्सारी**

पूर्वराजाको भनाई अनौठो मान्नु पर्दैन । जब-जब देशको राजनीतिक अवस्था तरलतामा जान्छ, त्यो तरलतामा पूर्वराजा पनि पौडिन पुग्छन् । पुस्तौ पुस्ता यीनका पूर्वजले लुटमा शासन गरेका र आज जनताको पसिनाको कमाईमा जनताले नै डिभिडेन्ट खान नपाएका बखत राजाको डिभिडेन्ट खाने भोक पुन जाग्दै छ ।




**- गणेश विके**

दुर्गा प्रसाईंको फागुन १ गतेको कथित झापा महाअभियान, पूर्वराजा ज्ञानेन्द्र शाहको फागुन ७ को प्रेस विज्ञप्ति र एसडी मुनीको फागुन ८ गतेको राष्ट्रपति सिफारिस नेपाली जनताको स्वाभिमानमाथिको आक्रमण हो । यस्ता कदमलाई साथ र सहयोग गर्ने जोकसैलाई संघीय लोकतान्त्रिक गणतन्त्रका रक्षक मान्न सकिदैन ।

# व्यवस्था र दिवसको औचित्य

विचार



● नारायण शर्मा

*मुलुकमा वैशाख ११ मा लोकतन्त्र दिवस, जेठ १५ मा गणतन्त्र दिवस र फागुन ७ मा प्रजातन्त्र दिवस मनाउँदै आइएको छ । तीन वटै दिवसमा सार्वजनिक बिदासमेत दिने गरिएको छ । एउटा व्यवस्थाको असफलतापश्चात अर्को व्यवस्था ल्याउँदै गर्दा किन पुरानै व्यवस्था प्राप्तिको दिनलाई उत्सवको रूपमा मनाइन्छ ? किन गरिब जनतामाथि उक्त दिनका भारहरू थोपरिन्छ ? तीनवटै दिवस मान्ने भएपनि एकै दिन माने भएन ?*

अहिलेको नेपाल निर्माण अभियानका मुख्य नायक तत्कालीन गोर्खाली राजा पृथ्वीनारायण शाह थिए । उनको वंशमा आधारित श्री ५ द्वारा सम्मानित र सम्बोधित शाह वंशीय सामन्ती राजतन्त्रात्मक शासन प्रणालीलाई निस्तेज, निस्प्रभावी र निष्क्रिय पार्ने काम तत्कालीन सेनापति (कमाण्डर इन चिफ) जंगबहादुर कुँवर राणाले गरेका थिए । यसो गर्दा उनले कोत पर्व र भण्डारखाल पर्वजस्ता भयानक हत्याकाण्डहरु मच्चाए । हत्याकाण्डपछि उनले श्री ५ को कार्यकारी सरकारको स्थानमा श्री ३ को शक्तिशाली कार्यकारी सरकार घोषणा गरी आफ्नो जहाँनियाँ क्रुर हुकुमी शासन व्यवस्थालाई स्थापित र सञ्चालित गर्दै निरन्तरता प्रदान गरेका थिए ।

१०४ वर्षसम्म चलेको त्यो हुकुमी राणा शासनलाई वीपी कोइराला नेतृत्वको नेपाली कांग्रेस, राजसंस्था र अन्य शक्तिको बलमा विस्थापित गरिएको थियो । जहाँनिया उक्त व्यवस्थालाई हटाएर बृटिश मोडेलको पुँजीवादी प्रजातान्त्रिक शासन व्यवस्था २००७ सालमा ल्याइएको थियो । तर, २००७ फागुन ७ मा राजा त्रिभुवनले भारतबाट फर्कंदा ल्याइदिएको भनिएको बृटिश मोडेलको उक्त प्रजातन्त्रले न गरीब, शोषित र उत्पीडित जनतालाई राहत दियो न सार्वभौमिकतालाई बलियो बनायो । प्रजातन्त्र ल्याउने सिलसिलामा भारतीय शासकवर्गले गरेको सहयोगका नाममा नेपालमाथि बढाएको हस्तक्षेपका कारण दिनप्रतिदिन सत्तासीन पार्टी, नेता, शासक वर्ग र अन्ततः देश नै पराधीन बन्दै गएको थियो ।

पुँजीवादी प्रजातन्त्रले दिएका सिमित राजनीतिक एवम् वाक स्वतन्त्रताले केहीलाई राहत दिएपनि त्यसमा अन्तर्निहित जनविरोधी, राष्ट्रविरोधी र परिवर्तन विरोधी चरित्रका कारण शासक वर्ग मुख्यतः सत्तासीन पार्टी नेपाली कांग्रेस र त्यसका नेता कार्यकर्ताहरुको अराजकता, स्वेच्छाचारिता, दमन र अत्याचारले भने आहत नै दिएको थियो । त्यसैले त राजा महेन्द्रलाई आफ्नै बुवा त्रिभुवनले ल्याइदिएको राजतन्त्रसहितको बहुदलीय संसदीय प्रजातन्त्रलाई 'अफाप र असफल' भन्दै विस्थापित गरी राजतन्त्र सुदृढ र सबल पार्ने निहुँ र आत्मबल मिल्यो । अनि उनले निर्दलीय पञ्चायत व्यवस्थाको बीजारोपण गरी त्यसैमार्फत आफ्नो निरंकुश राजतन्त्रात्मक शासन व्यवस्था लाद्ने काम गरे ।

त्यही अलोकप्रिय प्रजातन्त्र जसले न जनताको जीवनस्तर न त देशको स्वाधीनता र समृद्धिमा केही योगदान गर्‍यो, बरु निरंकुश राजतन्त्रात्मक शासन व्यवस्था जन्मने र हुर्कने वातावरण दियो । त्यस्तो प्रजातन्त्र प्राप्त भएको दिनलाई पनि हामी ऐतिहासिक दिन भनी मनाउने गर्दछौं । यो एउटा यस्तो विचित्रको बिडम्बना भएको छ । २०४६ को बृहत जनआन्दोलनबाट राजतन्त्रात्मक व्यवस्थालाई विस्थापित गरियो । त्यसको स्थानमा परिमार्जित व्यवस्थाको रूपमा संवैधानिक राजतन्त्रात्मक बहुदलीय संसदीय व्यवस्थालाई पुनर्स्थापित र विकसित गरियो । त्यही परिमार्जित व्यवस्थालाई पनि 'साम्राज्यवादी दलाल संसदीय व्यवस्था' भन्दै चुनौती दिएर २०५२ फागुन १ देखि १० वर्षसम्म तत्कालिन नेकपा (माओवादी)को नेतृत्वमा जनयुद्ध संचालन भएको थियो । त्यही जनयुद्ध र दोस्रो जनआन्दोलनको बलमा मुलुकमा लोकतान्त्रिक व्यवस्था आएको हो ।

लोकतन्त्र प्राप्तिपछि मुलुकमा पुनः गणतन्त्र घोषणा गरियो । मुलुकमा वैशाख ११ मा लोकतन्त्र दिवस, जेठ १५ मा गणतन्त्र दिवस र फागुन ७ मा प्रजातन्त्र दिवस मनाउँदै आइएको छ । तीन वटै दिवसमा सार्वजनिक बिदासमेत दिने गरिएको छ । एउटा व्यवस्थाको असफलतापश्चात अर्को व्यवस्था ल्याउँदै गर्दा किन पुरानै व्यवस्था प्राप्तिको दिनलाई उत्सवको रुपमा मनाइन्छ ? किन गरिब जनतामाथि उक्त दिनका भारहरु थोपरिन्छ ? तीनवटै दिवस मान्ने भएपनि एकै दिन माने भएन ? वास्तवमा तथ्यगतरूपमा भन्ने हो भने व्यवस्था परिवर्तनपछि पछिल्लो दिवस गणतन्त्र दिवसलाई मात्रै मनाए काफी हुन्छ । देशले राजनीतिक स्थिरता, साम्प्रदायिक सद्भाव, दीगो शान्ति, सार्वजनिक सुरक्षा, सामाजिक न्याय, दीर्घकालीन सुव्यवस्था, नागरिक सेवा र विधिवत सुशासन पाएको भए त केही सन्तोष गर्न सकिन्थ्यो होला । तर, ती सेवा-सुविधा पाउनुको साटो उल्टो गुमाउँदै जानुपरेको अवस्थामा दिवस थोपर्ने कुरा खासै अर्थयुक्त छैन ।

## तपाईको राशिफल

| | |
|---|---|
| मेष | : काम धेरै बाँकी रहन्छ । सामान्य स्वास्थ्य खराब हुने योग छ । |
| वृष | : खर्चमाथि नियन्त्रण राख्नुपर्ने देखिन्छ । घरमा विवाद गर्नु हुँदैन । |
| मिथुन | : अचल सम्पत्तिमा बृद्धिको योग छ । लापरबाही गर्न हुँदैन । |
| कर्कट | : कार्यमा अलि रूकावट आउनेछ । सामान चोरीको योग छ । |
| सिंह | : आध्यात्मिक रूचीमा वृद्धि हुनेछ । वाणी संयम् राख्नुहोला । |
| कन्या | : आकस्मिक लाभ हुने योग छ । वैवाहिक कार्यमा सफलता मिल्नेछ । |
| तुला | : दैनिक कार्यमा रूकावटको योग छ । विवाद गर्नु हुँदैन । |
| वृश्चिक | : व्यापारमा प्रगति हुन्छ, फालतू दिखावा गर्नु हुँदैन । |
| धनु | : सरकारी कार्य पूर्ण हुनेछ । तनाव लिनु हुँदैन । |
| मकर | : सोच विचार गरेर खर्च गर्नु होला । नयाँ साथी बन्ने योग छ । |
| कुम्भ | : पारिवारिक जीवन सुखी रहनेछ । सबै कार्यमा प्रगति हुनेछ । |
| मीन | : कर्मचारीहरू माथि नजर राख्नुपर्छ । लापरबाही गर्नु हुँदैन । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपाल राष्ट्रिय माविलाई राष्ट्रपति रनिङ शिल्डको उपाधि



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ९ फागुन

१४ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वीरेन्द्रनगरले जितेको छ। लेकवेशी नगरपालिका वडा नं ४ जीवन ज्योति मावि दशरथपुरमा मंगलबार सम्पन्न नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वीरेन्द्रनगरले १८ स्वर्ण, ४ रजक र ७ कास्य गरी २९ पदक प्राप्त गरी उपाधि हात पारेको हो। योसँगै सो विद्यालयले लगातार तीन वर्ष उपाधि जितेको छ।

यस्तै ९ स्वर्ण, ५ रजक र ८ कास्य गरी २२ पदक प्राप्त गरी हर्मन माइनर एसओएस वीरेन्द्रनगर दोस्रो, ५ स्वर्ण १ रजक र १ कास्य गरी ७ पदक प्राप्त गरी भेरी मावि बराहताल तेस्रो भएको छ।

यस्तै २ कास्य र २ रजक गरी ३ पदक प्राप्त गरी भैरव मावि वीरेन्द्रनगर, जनज्योति मावि वड्डीचौर र साहारे मावि गुर्भाकोट चौथो भएको जीवन ज्योति मावि दशरथपुरका प्रधानाध्यापक तिर्थ पौडेलले जानकारी दिए।

विजेता प्रतियोगीहरुलाई एक कार्यक्रमका बीच सम्मान गरिएको छ। जसमा प्रथम पुरस्कार नेरा माविलाई कप, मेडल, प्रमाण पत्र र १२ हजार रुपैयाँ नगद पुरस्कार, दोस्रो हर्मन माइनर एसओएस वीरेन्द्रनगरलाई कप, मेडल, प्रमाण पत्र र ८ हजार रुपैयाँ नगद पुरस्कार, तेस्रो भेरी मावि बराहताललाई कप, मेडल, प्रमाणपत्र र ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ।

जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको समापन कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री टेकराज पछाईले गरे। समापन कार्यक्रममा बोल्दै मन्त्री पछाईले खेलको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पहिचान बनाउन सकिने भएकाले खेलाडीहरुलाई प्रत्येक पालिकाले हौसला प्रदान गर्नुपर्ने बताए। विजयी खेलाडीहरुलाई क्षेत्रीयस्तरको खेलमा जिल्लाको पहिचान बनाउने गरी तयारी गर्न समेत उनले आग्रह गरे।

यस्तै लेकवेशी नगरपालिकाका नगरप्रमुख पौडेलले स्वस्थ्य जीवनयापनसँगै शारीरिक तथा मानसिक विकासका लागि पनि खेलकुद महत्व रहेको भन्दै खेलाडीहरुलाई अनुशासनपूर्वक खेल प्रर्दशन गरी आगामी दिनमा अब्बल दर्जाको खेलाडीको रुपमा निरन्तर लागिरहन शुभकामना दिए।

आगामी वर्ष हुने १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता चार वटा विद्यालयले दाबी गरेको प्रधानाध्यापक पौडेलले बताए। जसमा जीवन ज्याति मावि गुटु चौकुने, जनता मावि विद्यापुर पञ्चपुरी, विद्याज्योति मावि बावियाचौर र चन्द्रगंगा मावि वीरेन्द्रनगर रहेका छन्। १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि जिल्ला खेलकुद विकास समितिको तर्फबाट तोकिने प्रधानाध्यापक पौडेलले जानकारी दिए। कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री पछाई, लेकवेशी नगरपालिकाका नगर प्रमुख पौडेल, विभिन्न पालिकाका जनप्रतिनिधि, स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत उपस्थित रहेका थिए भने कार्यक्रमको सञ्चालन अम्मर चन्दले गरेका थिए।

# बाफिकोट गाउँपालिकास्तरीय तेस्रो राष्ट्रपति रनिङ शिल्ड शुरु

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ९ फागुन

रुकुम पश्चिमको बाफिकोट गाउँपालिकामा तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ। गाउँपालिका अध्यक्ष जनककुमार बाँठा मगरले प्रतियोगिताको उद्घाटन गरेका हुन्। शिक्षा संयोजक रत्नबहादुर केसीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष तारा बुढा केसीको विशेष आतिथ्यता रहेको थियो।

त्यस्तै प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओली, दुई नम्बर वडा अध्यक्ष प्रकाश केसी , तीन नम्बर वडा अध्यक्ष तिलवीर केसी, चार नम्बर वडाका अध्यक्ष शेरबहादुर ओली वडा नम्बर छका वडा अध्यक्ष मनोज अधिकारी, नौ नम्बरवडा



अध्यक्ष जोखबहादुर चन्द, दशका वडा अध्यक्ष हरि चन्द, जिल्ला समन्वय समिति सदस्य देउभान ओली, कृषि शाखा प्रमुख लोकेन्द्र ओली, पशु शाखा प्रमुख कृष्ण खत्री, लक्ष्मी बैंक शाखा बाफिकोटका शाखा प्रमुख राजन केसी लगायतको आतिथ्यता रहेको छ।

सो अवसरमा गत वर्षको शिल्ड विजेता बालकल्याण मावि सिम्तारुले गाउँपालिकालाई शिल्ड हस्तान्तरण गरेको छ। यसपटक प्रतियोगितामा भलिबल छात्रा/छात्र दुवै दौड १ सय, २ सय, ४ सय, ८ सय, १५ सय र ३ हजार मिटरका साथै १०० गुणा ४ रिले र ४०० गुणा ४ रिले हुने भएका छन्।

त्यसैगरि छात्रा/छात्र हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटफुट, ज्याफ्लीङ थ्रो खेल सन्चालन हुने शिक्षा संयोजक रत्नबहादुर केसीले बताए।

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०६/०२ गते अ. १८:३० बजेको समयमा का.जि., टोखा न.पा. वडा नं ७, ग्रीनसिटि अस्पताल अगाडी पार्किङबाट बाग्मती प्रदेश ०२-०३७ प ७३२० नम्बरको रातो/कालो रङ्गको 220cc पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदिनु हुन बिनम्र अनुरोध गर्दछु।

नामः शक्तिकप चन्द/हुलास फिन सर्भिस लि.
ठेगानाः सामाखुसी, काठमाडौं
च्यासिस नंः: MD2A13FX2NCL82895
इन्जीन नंः DKXCNL37244
सम्पर्कः ९८५१०३७६३८

## मोटरसाईकल हरायो

मिति २०७९/१०/१७ गते रातको अं.२१:३० बजेको समयमा काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ४, बाफल स्थित एभरेष्ट बैंक अगाडी पार्किङ्ग गरी राखेको ठाउँबाट रातो कालो रङ्गको बागमती प्रदेश ०२-०३६ प १०२९ नम्बरको बजाज कम्पनीको 220cc मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनुहुन अनुरोध गर्दछु।

नाम थर : विकाश श्रेष्ठ
च्यासिस नं.: MD2A13EX3NCK80909
इन्जिन नं. : DKXCNK35270
फोन नं. : 9860159645

## भूल सुधार

मिति २०७९/११/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **मलेशियामा वैदेशिक रोजगारको अवसर शिर्षकमा कम्पनीको नाम : EXPOAM SECURITY SERVICES SDN BHD, L.T. No.: 266947,** चलानी नं. **६०१८८१०९, र पूर्व स्वीकृत मितिः २०७९/०६/०५** को पून विज्ञापनमा अन्तपर्वार्ता रोज पार्टी प्यालेस, बुटवल रुपन्देहीमा मिति २०७९ फागुन १२ गते (24 February 2023) र अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०७९ फागुन १२ गते (24 February 2023) मा हुनेछ हुनुपर्नेमा अन्यथा भएकाले यसै सूचनाद्धारा भूलसुधार गरिएको छ।

**बि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७८०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२

## मलेसियामा रोजगार

कम्पनीः HSL HYGIENEUS SERVICES SDN. BHD.
शहरः Malaysia, Bayan lepas Penang

पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८६५ LT. No.: 281118

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 24 | 0 | स. काममा दक्ष | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १७ गते (1 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**J J Human Resource Pvt. Ltd.**
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com
श्रम इजाजत नं.: १०४०/०७३/०७४

**यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०७९ फागुन १० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्राविधिक कारणबस प्रकाशित भएकोले उक्त मितिमा प्रकाशित विज्ञापनलाई रद्द गरि आजको मितिमा प्रकाशित गरिएको विज्ञापन आधिकारीक रहेएको सम्बन्धित सबैमा यसै सूचनाद्धारा जानकारी गरिन्छ।**

## पूजा कन्स्ट्रक्सन नेपाल प्रा. लि. को सूचना

सूचना प्रकाशित मिति २०७९/११/१० गते बुधबार, मध्यान्ह राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०७९/११/२४ गते बुधबार दिनको ५:०० बजे सम्म

नेपालका लागी कोबेल्को ब्राण्डको एस्काभेटरको एक मात्र आधिकारिक बिक्रेता पूजा कन्स्ट्रक्सन नेपाल प्रा. लि. ले विभिन्न खरिदकर्ताहरूसँग सम्झौता गरी सम्झौता बमोजिम खरीदकर्ताहरूलाई उधारोमा मेसिन दिएको तर हाल सम्म सम्झौता बमोजिमको पूर्ण रकम चुक्ता हुन नसकी बक्यौता रहन गएकाले खरिदकर्ताहरूलाई बारम्बार मौखिक तथा लिखित सूचना दिएता पनि बक्यौता नतिरेको हुनाले आफ्नो अधिनमा लिई, निम्न अवधि सम्म चलाएको एस्काभेटरहरू गोप्य शिलबन्दीद्वारा मेसिन लिलाम गरी बिक्रीमा राख्न गईरहेको सुचना अवगत गराउदछौ।

| क्र.सं. | मेशिन चलाएको अवधि | कम्पनीले तोकेको मूल्य र मोडल (SK 220) | (SK140) |
|---|---|---|---|
| १ | ५०० घण्टा सम्म | ८२,५०,००० | ५७,५०,००० |
| २ | ६०० घण्टा सम्म | ८१,५०,००० | ५७,००,००० |
| ३ | ९०० घण्टा सम्म | ७८,००,००० | ५५,००,००० |
| ४ | १००० घण्टा सम्म | ७७,००,००० | ५४,५०,००० |
| ५ | १३०० घण्टा सम्म | ७३,००,००० | ५२,००,००० |
| ६ | १५०० घण्टा सम्म | ७०,००,००० | ५०,००,००० |
| ७ | १७०० घण्टा सम्म | ६७,००,००० | ४८,००,००० |
| ८ | १८०० घण्टा सम्म | ६५,५०,००० | ४७,००,००० |
| ९ | १९०० घण्टा सम्म | ६३,५०,००० | ४६,००,००० |
| १० | ४००० घण्टा सम्म | ४०,००,००० | २०,००,००० |

साथै पुराना बक्यौता रहेका ग्राहकहरूलाई यसैलाई सूचना मानि, आफ्नो बक्यौता राफसाफ गर्न हुन अनुरोध गरिन्छ अन्यथा नेपालको करार ऐन अनुसार कानूनी कारवाही अगाडी बढाउने कुरा समेत जानकारी गराईन्छ। मेसिन खरिद गर्न इच्छुक ग्राहकहरूलाई मेसिन रहेको स्थान सम्म लैजाने र ल्याउने व्यवस्था कम्पनीले गर्नेछ।

**लिलाम बिक्रि सम्बन्धी शर्तहरू :**

१) बोलपत्र फारम यस कम्पनीको मुख्य शाखा कार्यालय नक्साल स्थित ग्लोबल बिजिनेश हबको दोश्रो तल्लाबाट रू. ५०० (पाँच सय) जम्मा गरि प्राप्त गर्न सक्नेछ।
२) बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। बोलपत्र फारममा आफूले लिन चाहेको मेसिनको विवरण यस कम्पनीबाट प्रकाशित सूचनको आधारमा भर्नुपर्ने छ।
३) बोलपत्र दाताले आफूले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम धरौटी वापत यस कार्यालयको NIC Asia Bank, Corporate Branch Trade Tower Thapathali खाता नं. ५४४१४९४५९९५२४००१, पूजा कन्स्ट्रक्सन नेपाल प्रा. लि. को खातामा जम्मा गर्नु पर्नेछ।
४) रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
५) लिलाम गर्दा सबै भन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई मेसिन दिने वा नदिने सम्पुर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ।
६) लिलाम सकार गर्ने व्यक्तिले यस कम्पनीबाट लिलाम सदर भएको सूचना पाएको ७ दिन भित्र बाँकी कबुल रकम बुझाई चल सम्पत्ति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ। लिलाम सदर, बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न वा सोमा ब्याज दावी गर्न पाइने छैन।
७) उल्लेखित मेसिनको लिलामी कार्य यो सूचना प्रकाशित भएको १६ औं दिनमा यस कम्पनीको कार्यालयमा हुनेछ। तोकिएको दिन लिलाम कार्य सम्पन्न हुननसकेमा वा यस कम्पनीको बिदा परेमा सोको लगत्तै यस कम्पनी खोलेको दिन लिलामी कार्य हुनेछ।
८) लिलाम बिक्री हुने मेसिन हेर्न चाहने महानुभावहरूले यस कम्पनीको कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जानकारी लिन सक्नु हुनेछ।
९) यस कम्पनीको कार्यालय भवनमा गोप्य शिलबन्दी बोलपत्र फाराम खोल्ने कार्य हुनेछ।
१०) लिलाम बिक्रि हुने मेसिनको बिस्तृत विवरण हेर्न चाहने महानुभावहरूले कार्यालय समय भित्र यस कम्पनीका असुली विभाग (फोन नं. ०१-५१९२६२१, ५१९२६२२) मा सम्पर्क राख्न सक्ने छ।
११) लिलाममा राखिएका मेसिनहरू आशिंक वा पूर्ण रूपमा दिने नदिने अधिकार कम्पनीमा निहित रहने छ।
१२) मेसिन नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरू र विमा नविकरण शुल्क समेत बोलकबोल दाताले व्यहोर्नुपर्ने छ।

**Sudurpashchim Provincial Government**
**Ministry of Physical Infrastructure Development**
## Urban Development and Building Office
**Dhangadhi, Kailali**

### Invitation for Bid (IFB)

**(First date of publication: 10th Falgun 2079 BS, (22th February 2023 A.D)**

**Urban Development and Building Office**(UDBO), Dhangadhi, Kailali invites open competitive bids for the following works under National Competitive Bidding (NCB). All other information & bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp/ . All eligible bidders are requested to submit bid by electronic only with the requested documents with the mention Period.

| S.N | Contract Identification No. | Description | Estimated Amount ( Including of VAT & PS) NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/kailali/work/ NCB/57/079/080 | 1. Mukha Mantri Karyalayama Bhawan Nirman Dhangadhi SMC, Kailali. | 1,90,63,417.92 | 3000 | 4,77,000 | |
| 2 | UDBO/kailali/work/ NCB/58/079/080 | 1 Aithpur Dohoro Dhal Nirman Bhimdatta Municipality -03 & 06, Kanchanpur.<br>2 Jilla Adalat Bar Asociationko Samudayik Bhawanko Mathilo Tala Nirman Bhimdatta 4, Kanchanpur.<br>3 Radhakrishna Mandir Prabandha Samitiko Bhawan Nirman Bhimdatta 18, Kanchanpur. | 71,89,119.65 | 3000 | 1,80,000 | |
| 3 | UDBO/kailali/work/ NCB/59/079/080 | 1 Mini Coverdhall Badminton Indor Court Kailali Campush Paxadiko Jali Jane Poolko Chheu Dhangadhi SMC 06, Kailali<br>2 Surma Saipal Bachat tatha Rin Sahakari Sastha Bhawan Nirman Dhangadhi 8, Kailal | 79,68,769.52 | 3000 | 2,00,000 | |
| 4 | UDBO/kailali/work/ NCB/60/079/080 | 1 Pradesik Akasmik Godamghar Sudhar Dhangadhi, Kailali | 76,45,041.06 | 3000 | 1,92,000 | |
| 5 | UDBO/kailali/work/ NCB/61/079/080 | 1 Bardakoriya Krishi Sahakari Sansthako Adhuro Bhawan Nirman Bardakoriya 2, Kailali.<br>2 Asahayaka lagi Sahayogi Hatharu Nepalko Sahara Bhawan Nirman Bardakoriya RM 2, Kailali<br>3 Birthing Center Ghodaghodi Municipality 12, Kailali | 1,14,46,315.30 | 3000 | 2,87,000 | |
| 6 | UDBO/kailali/work/ NCB/62/079/080 | 1 Khajuwa Tol Adhuro Drain Nirman Belauri Municipality 8, Kanchanpur. | 24,52,099.39 | 3000 | 62,000 | |
| 7 | UDBO/kailali/work/ NCB/63/079/080 | 1 Rastriya College ko Adhuro Bhawan Nirman Ghodaghodi Municipality 1, Kailali<br>2 Sahid Khusiram Smriti Bhawan Nirman Ghodaghodi 1, Kailali<br>3 Tilakarnali Bachat tatha Rin Sahakari Sastha Ltd ko Tala Thap ra Starunati Ghodaghodi 2, Kailali | 68,67,266.99 | 3000 | 1,72,000 | |
| 8 | UDBO/kailali/work/ NCB/64/079/080 | 1 Nepal Jatiya Sangralaya Samudayik Bhawan Nirman Janaki RM 9, Kailali.<br>2 Yakata Pur Basti ma Samudayak Bhawan Nirman Tikapur 1, Kailali | 96,65,861.54 | 3000 | 2,42,000 | |
| 9 | UDBO/kailali/work/ NCB/65/079/080 | 1 Chakra Kunwar ko ghar dekhi Purba Ringroad Birendra Khadkako Ghar Samma Nali Nirman Dhangadhi 5, Kailali<br>2 Taulaha Tal ko Purba Utter jane Batoma Dhal Nikas Thatha Gravel Garne Kam Dhangadhi 8, Kailali | 40,78,648.26 | 3000 | 1,02,000 | |

**Office Chief**

# बिहीबारदेखि भृकुटीमण्डपमा बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी




**काठमाडौं/मस** – फागुन ११ देखि भृकुटीमण्डपमा निर्माण प्रदर्शनी तथा एक्स्पो हुने भएको छ। नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी तथा नेपाल हाउजिङ एन्ड इनभेस्टमेन्ट एक्स्पो, नेपाल हेवी इक्युपमेन्ट एन्ड कन्स्ट्रक्सन एक्स्पो हुन लागेको हो। प्रदर्शनी तथा एक्स्पो यही फागुन ११, १२, १३ र १४ गते काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुनेछ। मिडिया स्पेस सोलुसन्स प्रा.लि. र फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेन्टस् प्रा. लिले संयुक्त रुपमा आयोजना गर्दै आइरहेको एक्स्पोको यो आठौं संस्करण हो।

प्रदर्शनीमा विभिन्न देशका ३ सय भन्दा बढी ख्यातिप्राप्त ब्रान्डहरुका २ सय भन्दा बढी स्टल रहनेछन्। निर्माण कम्पनी, डिलर, सबडिलर र बिक्रेताहरुले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनहरुबारे जानकारी गराउने र यस क्षेत्र मा आउने नयाँ-नयाँ प्रविधिको बारेमा जानकारी गराउन यो प्रदर्शनीको आयोजना गरिएको आयोजकले जनाएको छ। पदर्शनीको लागि स्टल निर्माणदेखि अन्य तयारीका कामहरु अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ।

अन्तर्राष्ट्रिय प्रदर्शनीमा निर्माण सामग्री, निर्माण मेसिनरी, निर्माण उपकरण, आवास कम्पनीहरू, अपार्टमेन्ट कम्पनीहरू, प्रि-फ्याब संरचनाहरू, युपीभीसी झ्याल ढोका उत्पादन गर्ने मेसिनरी, युपीभीसी प्रोफाइल, आर्किटेक्चरल हार्डवेयर, बाथरूम फिटिङ्स, पाइपहरू, टाइल र सेनेटरी वेयर, पावर औजारहरू, कंक्रिट ब्लक मेसिनरी उत्पादकहरू, मटेरियल ह्यान्डलिंग उपकरणहरू, एल्युमिनियम कम्पोजिट प्यानलहरू आदिको उल्लेखनीय सहभागिता रहनेछ।

प्रदर्शनीमा सहयोगी संस्थाको भूमिकामा नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल हेभी इक्विपमेन्ट व्यवसायी महासंघ र नेपाल क्रसर तथा खानी उद्योग महासंघ रहेका छन्। प्रदर्शनीमा घर बनाउन चाहने व्यक्ति, आमनागरिक बाहेक निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका दिग्गज आर्कीटेक्ट, इन्जिनियर, कन्ट्रयाक्टर्स, विल्डर्स तथा इन्टिरियर डिजाइनरको सहभागिता रहने छ। यस प्रदर्शनीले नेपालमा हाल भइरहेको समग्र निर्माण क्षेत्रको विकास, पुननिर्माण तथा आधुनिकीकरण मा टेवा पुर्याउने आयोजकको विश्वास छ।

# २१ दिने अन्तर्राष्ट्रिय एओजी राइड हुँदै




**काठमाडौं/मस** – नेपालका लागि टीभीएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले अपाचे ओनर ग्रुप (एओजी) को मार्क्यु राइड गर्ने भएको छ। फागुन ११ गतेबाट शुरु हुने उक्त यात्रा २१ दिन लामो हुनेछ। जसमा नेपाल, भारत र बंगलादेशका राइडरहरु सहभागी हुने छन्। पहिलो दिन काठमाडौंबाट रक्सौल हुँदै भारत प्रवेश गर्ने यो यात्रा करिब ६,५०० किलोमिटर लामो हुने अनुमान गरिएको छ। कार्यक्रमका लागि ५०० भन्दा बढी अपाचे राइडरहरुले अनलाइन आवेदन दिएको आयोजकले बताएको छ।

काठमाडौंबाट शुरु हुने यो राइड रक्सौल, गया, राउरकेला, सारंगढ़, गोंदिया, अमरावती, औरंगाबाद, सातारा, गोवा, उडुपी, मैसूर, बंगलौर, तिरुपति, विजयवाड़ा, विशाखपटनम, ब्रह्मपुर, भद्रक, कोलकाता, भागलपुर, बाट रक्सौल हुँदै काठमाडौंमा आएर सम्पन्न हुने आयोजकले बताएको छ। राउरकेलामा नेपाल र बंगलादेशका राइडरहरूको भेट हुनेछ र राइडर्सहरू विभिन्न रुट हुँदै गोवा जानेछन्, राइडरहरूले राइडको क्रममा भारतका विभिन्न ठाउँको भ्रमण पर्यटकीय क्षेत्रहरुको पनि भ्रमण गर्ने छन्।

आयोजकको अनुसार यस राइडको क्रममा मार्च ३ र ४ मा गोवामा मोटोसोल अल्टिमेट बाइकिङ फेस्टिभल हुनेछ जहाँ विभिन्न बाइकिङ गतिविधिहरुका साथै गिगहरूमा र टिभिएसका उत्कृष्ट बाइक, बाइकिङ पोशाक, र प्रविधिहरुको प्रदर्शनी गरिनेछ।

# ४५ दिनभित्र तोकिएको पुँजी पुऱ्याउन प्राधिकरणको निर्देशन




**काठमाडौं/मस** – नेपाल बीमा प्राधिकरणले लघु बीमा कम्पनीहरुलाई ४५ दिनभित्र तोकिएको चुक्ता पुँजी पुर्याउन निर्देशन दिएको छ। प्राधिकरणले लघुबीमा सञ्चालन अनुमति पत्र (लाइसेन्स) का लागि स्वीकृति पत्र बुझ्केको मितिले ४५ दिन भित्र तोकिएको चुक्ता पुँजी पुऱ्याउन लघुबीमा कम्पनीहरुलाई निर्देशन गरेको हो।

कम्पनीहरुले फरक फरक मितिमा स्वीकृति पत्र लिएकाले सोही मितिका आधारमा चुक्ता पुँजी पुऱ्याएर आउन ४५ दिनको समय दिइएको प्राधिकरणका प्रवक्ता समेत रहेको कार्यकारी निर्देशक राजुरमण पौडेलले बताएका छन्। हाल छनोट भएका लघु बीमा कम्पनीहरू रजिष्ट्रारको कार्यालयमा दर्ता भएर आएपछि चुक्ता पुँजी पुर्याउन निर्देशन दिइएको हो।

विधि प्रक्रिया अनुसार अनुमति पत्र प्राप्त गरेका कम्पनीहरुले दर्ता प्रमाण लिएपछि तोकिएको चुक्ता पुँजीसहित लघुबीमा ऐन अनुसार प्राधिकरणले व्यवसाय सञ्चालनको प्रमाणपत्र (लाइसेन्स) प्रदान गर्छ। लघुबीमा ऐन, २०७९ अन्तर्गत लघुबीमा कम्पनी सञ्चालनका लागि कम्तीमा ७५ करोड रुपैयाँ चुक्ता पुँजी हुनुपर्ने व्यवस्था रहेको छ। सो मध्ये कम्पनीहरुले संस्थापक समूहतर्फको चुक्ता पुँजी ७० प्रतिशत जुटाउनुपर्ने ऐनले व्यवस्था गरेको छ।

बीमा प्राधिकरणले गत साउन ३१ गते लघु बीमा स्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९ जारी गर्दै साता वटा प्रदेशमा कम्तीमा एउटा एउटा लघुबीमा रहने गरी लघुबीमा कम्पनीको दरखास्त आह्वान गरेको थियो। जसमा ३१ वटा कम्पनीको आवदेन दिएकामा ३ वटा जीवन लघुबीमा र ४ वटा निर्जीवन लघुबीमा छनोटमा परेका छन्।

अनुमति पाउने लघुजीवन बीमामा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स छन् भने निर्जीवनतर्फ ट्रष्ट माइक्रो इन्स्योरेन्स, नेपाल माइक्रो इन्स्योरेन्स, स्टार माइक्रो इन्स्योरेन्स र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले छन्।

## Thatikandh Rural Municipality
## Office of the Rural Municipality Executive

**Lakandra, Dailekh, Karnali Province, Nepal**

**Invitation For Online Bids**

**Date of publication: - 22-02-2023 (2079/11/10)**

1. Thantikandh Rural Municipality,Office of the Municipal Executive Office,Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment (s),if any shall be issued only on above website.
3. Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh rural Municapality Dailekh , website: www.thntikandhmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp .

| SN. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/NCB/ BKNO/ 04-2079/080 | Bahankot Khanepani Nirman Yojana Thatikandh Gaupalika Ward no 03 Dailekh | 76,18,407.06 | 2,00,000.00 | 90days/120 days/3000 |

**Chief Administrative Officer**

# सिटिजन्सका ग्राहकलाई ओपिअम रेस्टुरेन्ट एण्ड बारमा छुट



**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेशनल र दरबारमार्गस्थित ओपिअम रेस्टुरेन्टबीच बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डवाहकहरुले ओपिअम रेस्टुरेन्टमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको जनाएको छ। सिटिजन्स बैंक इन्टरनेसनलले देशैभरी फैलिएका आफ्ना १८२ वटा शाखा, १३४ वटा एटिएम र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

# पालिकाको विपद् कोषलाई बीमासँग आवद्ध गराउँछौं : अध्यक्ष चुमान



**तनहुँ/मस** – गण्डकी प्रदेशको तनहुँ जिल्लाको आँबूखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले गाउँपालिकामा रहेको विपद् कोषलाई बीमासँग आवद्ध गराउने प्रतिवद्धता व्यक्त गरेका छन्। नेपाल बीमा प्राधिकरणले गत फागुन ७ गते आयोजना गरेको जानकारीमूलक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सो प्रतिवद्धता व्यक्त गरेका हुन्।

अध्यक्ष चुमानले गाउँपालिकामा रहेको विपद् कोषलाई बीमासँग आवद्ध गर्न र विपन्न वर्गको बीमाका लागि आवश्यक व्यवस्था गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन्। उनले नागरिकका जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षा गर्नु गाउँपालिकाको पनि दायित्व भएकाले नीति तथा कार्यक्रममा नै समावेश गरी बीमा कार्यक्रमलाई अगाडि बढाउने बताए। साथै, उनले बीमा कम्पनीहरुले गाउँपालिकामा आएर बीमा गराउन ध्यान नदिएको गुनासो समेत गरे।

कार्यक्रममा प्राधिकरणका उपनिर्देशक अधिकारीले बीमा सम्बन्धी जानकारीमूलक प्रस्तुती गर्दै नीति तथा कार्यक्रममा बीमा कार्यक्रमलाई समावेश गर्न र सबैको दुर्घटना बीमा गर्न गाउँपालिकासँग आग्रह गरेका हुन्। कार्यक्रममा आँबूखैरेनी गाउँपालिकाका वडा अध्यक्ष तथा सदस्य, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारी, नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक लोकप्रसाद काफ्ले, जिल्लास्थित बीमा, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, बीमा अभिकर्ता, अगुवा कृषक र संचारकर्मीहरु लगायत गरी करिव ९५ जनाको सहभागिता रहेको थियो।

**Invitation for online Bids**

## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

**PROVINCE NO.1, JHAPA**

**Date of publication: 2079/11/10 (22-Feb-2023)**

**Date of bid opening: 2079/12/10(24-Mar-2023)**

1. Shivasatakshi Municipality invites electronic bids for Nepalese eligible bidders for the following construction Works under National Competitive Bidding procedures.

| Contract Identification no. | Name of Project | Estimated Amount (Without VAT and PS) | Bid document Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| 13/SM/NCB/ Road/2079/080 | Resurfacing and Maintenance of Dharampur Parabari Road | 69,31,843.02 | 3000.00 | 1,98,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Mega Bank Nepal LTD , Birtamod branch**
   **Name of Office: Shivasatakshi Municipality**
   **Office Account no.: 3140010000128**
4. Pre-bid meeting shall not be conduct.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2079/12/10(24-Mar-2023). Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2079/12/10(24-Mar-2023) at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. 3140010000161 on behalf of of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**